# अध्याय- एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

वन एउटा नेपालको प्राकृतिक सम्पदा हो, मानव जिवनमा यसको आवश्यकता र महत्वले अहम् भूमिका खेल्दछ । हाम्रो जस्तो कृषिमा आधारित अर्थतन्त्र र अधिकांश ग्रामीण परिवेश मिलेर बनेको देशमा वनको उपयोगिता अपरिहार्य छ । वनले मानिसका दैनिक आवश्यकताहरु जस्तैः घाँस, दाउरा, स्याउला, फलफूल, कन्दमूल, जडिबुटी उपलब्ध गराउनुका साथै पर्यावरणिय सन्तुलन बनाउनसहयोग निभाउँदछ । पानीको प्रमुख स्रोत तथा संचयकर्ताको रुपमा साथै अनावृष्टि, वाढि, पहिरो जस्ताक्षति रोक्ने आधारको रुपमा कार्य गर्दछ त्यस्तै देशको ठूलो जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्ने गरेका र हाम्रो जस्तो विकासोन्मुख देशका अधिकांश जनताहरु गरिबीको रेखामुनी भएको सन्दर्भमा दैनिक आवश्यक इन्धनको अर्को कुनै भर पर्दो वैकल्पिक स्रोत नभएको अवस्थमा आवश्यक इन्धन तथा आर्थिक उपार्जनको एक मात्र आधार वन नै रहि आएको छ भने दैनिक उपयोगमा पनि सदियौं देखि यसको प्रयोग हुँदै आएको छ ।

यसरी मानव उत्पत्ति देखिनै मानव र वन/जंगलको सम्बन्ध अटुटरुपमा आश्रय कर्ता र आश्रितका रुपमा स्विकारिदै अहाएको हामी इतिहासबाट पनि थाहा पाउन सक्दछौं । कुनै समयमा विश्व स्तरमै वन/जंगल जति मासेपनि सिद्धिदैन भन्ने धारणा थियो भने आजको स्थितिसम्म आईपुग्दा समयमै वन/जंगल जोगाउन शसक्त तरिकाले पहल नगर्ने हो भने भावी पुस्ताहरुको भविष्य संकट पर्ने स्थिति ट्डकारो रुपमा देखिन आएको छ । नेपालको सन्दर्भमा पनि यहि कुरा लागु हुन आउँदछ कुनै समयमा हरियो वन नेपालको धन भन्ने उखान केवल किताबमा मात्र सीमित हुने स्थिति नआउला भन्न सकिन्न । केहि समय अघिसम्म ४५% वनक्षेत्र रहेको तथ्यांक क्रमशः घटेर केहि समयको अन्तरालमा ३५% र फेरी २९% मा झरेको देखिन आउँछ, एउटा देशको वातावरण स्वच्छ र स्वस्थ रहन कम्तिमा २०% जंगल क्षेत्र हुनै पर्ने प्रावधान रहेको विद्यमान धारणमा, वन व्यवस्थापन संरक्षण र सम्वर्द्धन गर्नु एउटा चुनौतीको रुपमा आज हामी सामु उपस्थित भएको छ । यहि बढ्दो विनाश नियन्त्रण गर्ने उद्देश्य अनुरुप वि.सं. २०१३ सालमा निजी वन जंगल

राष्ट्रियकरण ऐन लागु गरी सरकारी स्तरबाट नियन्तणका उपायहरु अपनाइए तर वन विनाशको क्रम घट्नुको सट्टा दिनानु दिन बढ्दै गयो र उसले विकराल रुप धारणा गर्‍यो फलस्वरुप कुनै पनि योजना वा कार्यक्रम स्थानीय समुदाय र जनशक्तिको सहयोग विना सम्भव छैन भन्ने विचारले जन्म लियो सन् १९५० को दशक देखि जनता केन्द्रित विकास अवधारणा (People centered development strategy) अनुरुप अनुशरण गर्न थालिएको हो । जनतालाई नै विकासको आधार मानेर वन सम्पदाको संरक्षण, व्यवस्थापन र उपयोग जनताले नै गर्ने गरी सामुदायिक वनको अवधारणाको रणनीति तयार भयो त्यसै अनुरुप नेपाल सरकारले सन् १९८९ मा २१ वर्षे दीर्घकालिन वन विकास गुरुयोजना मार्फत सामुदायिक वन विकाश कार्यक्रमको थालनी गरेको हो । परम्परागत विधि ("पञ्चायत वन" र "पञ्चायत नियन्त्रित वन") को पूर्णतया असफलता पछि परीक्षणको रुपमा अपनाइएको यो विधि आज दिन प्रतिदिन सफल हुँदै गैरहेको छ भने राष्ट्रिय स्तरमा नै एउटा सफल कार्यक्रमको रुपमा प्रस्तुत हुनुका साथै १४ औं त्रिवर्षीय योजना देशको प्राथमिक विषयको रुपमा पनि सामुदायिक वनको अवधारणालाई नै लिइन्छ (वन विभाग, २०५८) ।

सुरुमा पहाडी भू-वनोट र वन जंगललाई संरक्षण गर्ने उद्देश्यले पोथ्रा, पोथ्री वनको संरक्षणको लागि यो कार्यक्रम लागु भयो र आशाअनुरुप सफल पनि भयो भने वन ऐन २०४९ र वन नियमावली २०५१ द्वारा कानुनी आधार प्रदान गरी सामुदायिक वन विकास कार्यक्रमलाई एक अभियानका रुपमा अगाडि बढाए पछि तराई क्षेत्रमा पनि स्थानीय वन जंगलहरु सामुदायिक वनको रुपमा संरक्षण गर्ने, हस्तान्तरण गर्ने अभियान सुरु भएको देखिन्छ । हाल आएर नेपालका पहाडी जिल्लाहरुमा जस्तै तराईका जिल्लाहरुमा पनि क्रमशः यो कार्यक्रम सफल हुँदै गैरहेको देखिन्छ । यसप्रकार वन जंगलमा समुदायको सहभागितालाई वास्तविक उपयोगको आधारमा संलग्न गराइने अवधारणालाई अगाडि बढाइएपछि सामुदायिक वन विकास कार्यक्रमले देश भरी अभियानका रुपमा अग्रगति पायो जुन अद्यावधि छँदैछ (वन विभाग, २०६७) ।

### १.१.१ वन व्यवस्थापनमा महिला सहभागिता

अधिकांश नेपाली ग्रामीण समुदाय कृषिमा आधारित छ । जंगल पशुपालन र खेतिको त्रिकोणीय सम्बन्धमा विकसित हाम्रो ग्रामीण समुदायको जनजीवन जंगल र परम्परागत

पशुपालन तथा सोहि पशुबाटै प्राप्त मलबाट खेति गर्ने सरल र स्पष्ट सम्बन्धमा अडेको छ। बाल्नको लागि दाउरा पनि जंगलबाटै प्राप्त हुन्छ। जंगल खेती र किसान बिचको सम्बन्ध कायम गराउनमा महिलाहरुको प्रत्यक्ष संलग्नता रहन्छ। ग्रामीण जनजीवनमा महिलाहरुको प्रमुख कामनै घाँस दाउरा संकलन गर्नु र घरधन्दामा सीमित रहेको हुन्छ। वन संरक्षण कार्यक्रममा जनसहभागिता एवं सामुदायिक संलग्नताको चर्चा गर्दा महिलाहरुको भूमिका बारे विशेष जोड दिइएता पनि व्यवहारमा लागु भएको देखिँदैन यसको लागि अझ बढी उत्प्रेणा र हौसलाको खाँचो छ।

पहिले बस्तीहरु बस्ने क्रममा मानिसहरु गोठ राख्न जंगल जाने गर्दथे यस्ता गोठहरु कालान्तरमा घरबारमा परिणत हुँदै गएकाले रीतिरिवाज संस्कृति आदि सबैमा जंगलको प्रशस्त प्रभाव पाइयो। खास गरिकन महिला वर्गमा जंगलको सम्बन्धले सामिप्य कायम गर्न पुग्यो। कृषिमा निर्भर परिवारको महिलाको दैनिक २ देखि ५ घण्टा जंगल र खेतिपातीमा बित्ने गर्दछ। खाना पकाउने र वस्तुभाउको मुख्य जिम्मेवारी महिलाले नै सम्भाल्ने हुँदा घाँस दाउरा, सोत्तर, पतकरका लागि जंगलमै भर नपरि अर्को कुनै विकल्पनै छैन। यसरी वन जंगलको संरक्षण र विकासमा महिलाहरुको भूमिका महत्वपूर्ण रहिआएको महशुस गरी वन उपभोक्ता समितिमा सदस्य संख्याको एक तिहाई महिला हुनुपर्ने भनी वन विकास गुरु योजना (वि.सं. २०४४) (वन ऐन दोस्रो संशोधन २०७३, १३ औं योजना) ले निर्देशत गरेको थियो। त्यसै अनुरुप एक तिहाइ महिलाहरु सदस्य भएको उपभोक्ता समितिहरु बनाउने प्रयास भए भने कतिपय स्थानमा पुरै समिति महिलाहरुबाट मात्रै संचालन भएका र एक्दमै प्रभावकारी ढङ्गबाट वन कार्ययोजना कार्यान्वयन गरेका उदाहरणहरु पनि छन् (वन ऐन, २०४९, वन तथा भू-संरक्षण मन्त्रालय)।

सबैभन्दा पहिले २०४६ सालमा काभ्रेपलाञ्चोक जिल्लामा वलथली गा.वि.स. अन्तर्गत २९ घरधुरीका महिलाका उपभोक्ता समूहले “विस्ठोधार पाखा” को २.९ हेक्टर जंगल संरक्षणको जिम्मा लिएर सुरु गरेको सामुदायिक वन व्यवस्थापनको काम २०४७ सालमा भोजपुर जिल्लाको बोखिम गा.वि.स. मा अर्को एउटा ३५ घरधुरी वन उपभोक्ता समूहले “छहरे सिउरेती” को ११.९ हेक्टर जंगलको व्यवस्थापनको जिम्मा लिएका थिए। गोरखा जिल्लामा महिला मात्रले बनेको समूहले वन व्यवस्थापन गरेर उदाहरणीय कार्य

गरेपछि महिलाहरुबाट मात्रै संचालन भएका उपभोक्ता समूहहरु हाल ५३ जिल्लामा गरी ४४२ पुगेको देखिन्छ (वन विभाग, २०६७) ।

यी समूहहरुमा हालसम्म जम्मा ३५ हजार ५९३ घरधुरीको प्रतिनिधित्व छ । महिला मात्रले बनेको उपभोक्ता समूहहरुमा सबैभन्दा सानो उपभोक्ता समूह ११ घरधुरीले बनेको छ भने सबैभन्दा ठूलो महिला वन उपभोक्ता समूह ३.४ हेक्टर वनको संरक्षणका लागि २०५७ सालमा गठन भएको गोरखाको गोरखकाली गाउँपालिका स्थित निल पोखरी महिला सा.व. को समूह रहेको छ । यो समूहको जंगलको क्षेत्रफल सानो भएतापनि महिलाहरुमा संगठित भएर काम गर्न आएको जागरणको यो एउटा राम्रो उदाहरण हो । ५५ घरधुरीका महिलाहरुले धनकुटाको बुधबारे गाउँपालिका स्थित भाङ्गटार महिला वन उपभोक्ता समूहले भने ५७२ हेक्टर वनको व्यवस्थापन कार्य गरेको देखिन्छ सबै स्थानमा यहि स्थिति छैन तर पनि यसरी हेर्दा साना देखि ठूला जंगलको समेत वन व्यवस्थापन कार्यमा महिलाहरु त्यत्तिकै प्रभावकारी रुपमा कार्यरत देखिन्छन् । प्रायः महिला उपभोक्ता समूहहरु ४० देखि ८० घरधुरीले बनेका छन् । यसरी हेर्दा महिला सहभागिता र जंगलको क्षेत्रफल बिच केहि सम्बन्ध देखिँदैन महिलाहरुमा जागरण ल्याउने प्रयास भएका जुनसुकै ठाउँम पनि महिलाहरु अघि बढेका छन् ।

(स्रोतः हाम्रो वन २०१८, वन विकासमा महिला सहभागिता)

## १.१.२ वन विकासमा महिला सहभागिताका प्रयासहरु

वन र मानव जिवनको संवन्ध उस्तै उस्तै भएको हुनाले पनि संयुक्त राष्ट्र संघले १९७५-८५ को दशकलाई महिला दशकको रुपमा मनाएर महिला विकासको महत्वबारे सदस्य राष्ट्रहरुको ध्यान आकृष्ट गरायो । त्यसबेला विकास भन्नाले महिलाको हक, अधिकार भन्दा पनि महिला स्वास्थ्य, शिक्षा पालन पोषण जस्ता विषयमा सुधार ल्याउने कुरामा केन्द्रित थियो तर तेस्रो विश्व नारी सम्मेलन (१९८५) ले महिलाहरुको सक्रिय सहभागिता विना मुलुकको सामाजिक तथा आर्थिक विकास दीगो नहुने भएकोले महिलालाई विकासको मूल धारमा ल्याउने नीति तय गऱ्यो । विकास वातावरण र आर्थिक क्रियाकलापमा महिलाको सक्रिय सहभागिता र निर्णय तहमा समेत महिलाको पहुँच हुनुपर्ने कुरामा नारीवादी आन्दोलनले जोड दिँदै आएको थियो । त्यसैताका नेपालमा वन संरक्षणका लागि एक्काइस वर्षे वन विकास गुरु योजना तयार हुँदै थियो । वनको हैसियत बिग्रिदै गएपछि

महिलानै सबैभन्दा बढी पीडित हुने हुँदा वन विकासको कुरा गर्दा यस अघि भएका प्रयासमा जस्तै पुरुषहरुको मात्र भूमिका नभएर महिलाको भूमिकालाई पनि मान्यता दिनु पर्ने देखियो । महिलालाई विकास र वातावरणमा सहभागी गराउनु पर्ने तेस्रो विश्व नारी सम्मेलन (१९८५) को सन्देश र वन विकास गुरुयोजनाको निर्माणको थालनी करिब एकै समयमा जुरेकोले वन विकासमा महिलाको भूमिकालाई यसरी आधिकारिक रुपमा स्वीकार गरेको देखिन्छ ।

सन् १९८० को दशक महिलावर्गलाई वन विकासमा सरीक गराउने कोशेढुङ्गा सावित भयो । वनमा महिलाहरुको सहभागिता बढाउन, उनीहरुलाई संगठित गर्न र छलफल आदि गर्न समेत महिला वा प्रशासकहरुको आवश्यकता महसुस गरी श्री ५ को सरकारले महिलाहरुलाई वन विज्ञानमा तालिम दिलाउन सर्वप्रथम १९८४ देखि भारत र फिलिपिन्समा वन विज्ञान अध्ययनको लागि पठायो । मुलुक भित्रै मध्यमस्तरिय जनशक्ति (वन प्राविधिक) तयार गर्न प्रविणता प्रमाणपत्र स्तरको वन विज्ञान तालिम (रेञ्जर) मा महिलाहरुलाई शिक्षा दिनु सुरु गरियो (वन विभाग, २०५६) । यो क्रम अनुरुप क्रमश: स्नातक तहसम्म महिलालाई शिक्षा दिलाउन थालियो । वन व्यवस्थानप बार बन्देज र बन्दुकको भरमा मात्र सम्भव छैन, स्थानीय वन उपभोक्तालाईनै जिम्मा दिनु पर्दछ भन्ने महशुस हुनु र नारीवादी विश्व आन्दोलनले महिलाको वन विकासमा रहने भूमिकालाई व्यापकता दिँदै आहएको प्ररिपेक्ष्यमा तत्कालिन अवस्थामा वन विज्ञानमा शिक्षाका यी प्रयासहरु हुनु समय सुहाउँदा सावित भए ।

## १.२ समस्याको कथन

सामुदायिक वन विकासको अवधारणाले वन सम्पदाको संरक्षण, सम्वर्द्धन र सदुपयोगमा सफलता प्राप्त गर्दै गैरहेको छ । कुनै पनि विकास निर्माणका कार्यहरुमा जनशक्तिको परिचालन र सहयोग बिना विकासको कल्पना पनि गर्न सकिँदैन । त्यसैले सम्बन्धित क्षेत्रकै जनताका आवश्यकता र सहयोगलाई ध्यानमा राखेर नेपाल सरकारले सामुदायिक वन विकासको अवधारणा कार्यान्वयनमा ल्यायो र आशातित रुपमा सफलता पनि प्राप्त भै रहेको छ ।

कुनै पनि विकासका कार्यमा नारी र पुरुषको समान सहभागिता अपरिहार्य छ, जीवन रुपी रथका दुई पांग्रा स्त्री र पुरुष दुवैको समान महत्व र भूमिका छ, एउटाको उपस्थिति विना अर्कोले काम सुचारु रुपले सम्पन्न गर्न सक्तैन त्यस्तै नेपालको जनसंख्याको आधा आकाश ओगट्ने (५१.५०%) महिला वर्गको सहभागिता अपरिहार्य छ, किनभने सदियौं देखि वनको महिलाहरुसँग प्राथमिक सम्बन्ध रहिआएको छ, हाम्रो जस्तो अधिकांश ग्रामीण परिवेश भएको मुलुकमा महिला र वन एक आपसमा परिपुरक वा घनिष्टताको सम्बन्ध राख्दछन्, दाउरा, घाँसपात, सोत्तर स्याउला आदि विभिन्न वनजन्य सामग्रीहरुको संकलन कर्ताका रुपमा पुरुष भन्दा महिला बढी सक्रिय हुने भएकोले तथा वन सम्बन्धी पुरुषहरु भन्दा बढी व्यवहारिक ज्ञान पनि महिलाहरुलाई नै हुने गर्दछ तर पनि हाम्रो जस्तो पितृसत्तात्मक देशमा पुरुषहरुलाई बढी प्राथमिकता दिइने र महिला वर्गलाई दोस्रो दर्जा दिइनु तथा धर्म, संस्कार र परम्पराको नाममा अझै पनि समानता निकै नगण्य मात्रामा व्यवहारमा लागु भएको पाइन्छ । त्यस्तै सामुदायिक वनको अवधारणाले पनि प्रमुख भूमिका खेल्ने महिला वर्गलाई भन्दा समाजका टाठा-बाठा केहि पुरुष वर्ग नै बढी लाभान्वित भएको देखिन आउँदछ, समाजमा पिछडिएका, गरिब, दलित वर्ग र महिलाहरुको सहभागिता आशातित रुपमा हुन नसक्नु र प्रत्यक्ष सम्बन्ध राख्ने यिनै वर्गले वनको उपयोग र लाभांश समान रुपले नपाउनु दुःख लाग्दो कुरा हो । यसैले समाजका यी वर्गले (महिला कमजोर आर्थिक अवस्था भएका परिवार तथा दलित वर्गहरुले पनि) कसरी अरु समान सहज ढंगले वनको संरक्षण, सम्वर्द्धनमा सक्दो सहयोग र योगदान गर्न तथा उपयोग र लाभ लिन सक्दछन् भन्ने समस्या प्रमुख चुनौतिका रुपमा देखा परेको छ ।

यो अध्ययनले सामुदायिक वनमा महिलाको सहभागिता र महिलामा आएको चेतना स्तर बारे अनुसन्धान गरेको छ । यसले समाजमा महिलाको स्थानलाई प्रतिष्ठित बनाउन योगदान पुऱ्याउने नीति तथा रणनीति बारे अध्ययन गरेको छ । सामुदायिक वनको स्रोत संरक्षणमा महिला संलग्नता निकै प्रशंसनीय छ । केही तथ्यांकलाई नियाल्ने हो भने सामुदायिक वन विकास कार्यमा महिला छर्लङ्ग छ । उदाहरणका लागि देश भरमा करिब ८०० जति सामुदायिक वन उपभोक्ता समूहहरु मात्रै नेतृत्वमा संचालित छन् भने करिब ३५००० भन्दा बढी महिला देश भरका सामुदायिक वन उपभोक्ता समूको नेतृत्व तहमा

क्रियाशिल छन्
(नीतिगत बहस, २०७४ कैलाली) ।

१.२.१ सामुदायिक वन व्यवस्थापनमा महिलाको सहभागिताहरुको अवस्था कस्तो रहेकोछ ?

१.२.२ सामुदायिक वन व्यवस्थापनमा बढी भन्दा बढी महिला सहभागिता कसरी गराउन सकिन्छ ?

१.२.३ महिला सहभागितालाई प्रभाव पार्ने तत्वहरु के के हुन् ?

आदि समस्याहरु प्रष्ट रुपमा देखिन्छन् । समष्टिगत रुपमा सामुदायिक वन विकास कार्यक्रममा महिला सहभागिताका विविध पक्षहरुलाई समेटेर उनीहरुको भूमिका, यसले पारेको प्रभाव, लाभ तथा समस्याहरुको समाधान खोज्ने प्रयास गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

सामान्यतया अध्ययनको उद्देश्य नै सामुदायिक वन व्यवस्थापनमा महिलाहरुको सहभागिता र कार्यान्वयनमा उनीहरुको भूमिकाको अध्ययन गर्नु रहेको थियो ।

**विशिष्ट उद्देश्यहरु**

१. वन व्यवस्थापनमा महिलाहरुको सहभागिताको स्थिति पत्ता लगाउने ।

२. महिला सहभागितालाई प्रभाव पार्ने तत्वहरु पत्ता लगाउने ।

## १.४ अध्ययनको औचित्य

धेरै अध्ययनहरुले सामुदायिक वन विकास कार्यक्रमको सफलताका लागि महिला सहभागितालाई अपरिहार्य मानेको उल्लेख गरिँदै आएको छ त्यस्तै वन ऐन २०४९ ले महिलाहरुलाई नै वन जंगलको पहिलो उपभोग कर्ताको रुपमा मानेको परिप्रेक्ष्यमा यस अध्ययन क्षेत्रमा महिला सहभागिता सम्बन्धी अध्ययन कतैबाट भएको छैन तसर्थ यो अध्ययन व्यवहारिक एवं सैद्धान्तिक दुवै सम्बन्धी महत्वपूर्ण देखिन जान्छ । यस अध्ययनबाट सामुदायिक वनमा अवद्ध महिलामा भएका कठिनाई के के हुन् र उनीहरुको आफुलाई हरेक पक्षको मुलधारमा कसरी उभिन अब्बल हुन सामुदायिक वनले कस्तो भूमिका खेल्यो भन्ने हो । वन व्यवस्थापनका विविध पक्षहरु तथा तिनीहरुको कार्यान्वयन र देखिएका समस्याहरुको पहिचान गर्न सजिलो भएको छ । भविष्यमा यहि विषयमा यहि क्षेत्रमा

अध्ययन गर्न चाहने व्यक्ति, समूह वा संस्थालाई नै शोधपत्र एक आधार बनेको छ । यो अध्ययनले भविष्यमा गरिने अध्ययनका लागि मार्ग प्रशस्त गरेको छ भने अध्ययन क्षेत्र र सम्बन्धित सा.व. लाई पनि सहयोग मिल्ने आशा लिइएको छ ।साथै यस अध्ययनले सामुदायिक वनमा महिलाको सहभागिता भईसकेपछि बनको संरक्षण के कसरी भएको छ र महिलाको नेतृत्व लिने क्षमता के कस्तो रहेको छभनि अध्ययन गर्न सजिलो हुनेछ ।

## १.५ अध्ययनको संगठन

यस अध्ययनलाई पूर्णता दिन अध्ययनको उद्देश्य अनुरुप यस अध्ययनलाई उपलब्धिमूलक र विश्वसनीयता बनाउन अध्ययनको उद्देश्यले मागेको र आवश्यक तथ्यांक संकलन गर्न अध्ययन क्षेत्र छनोट, नमुना संकलन, व्याख्या विश्लेषण, विभिन्न अनुसन्धान विधि र वन व्यवस्थापन र यसको समस्याको समाधानका बारेमा गरी ६ अध्यायमा रही यसको वर्णन गरिएको छ ।

जसमा अध्याय एकमा अध्ययनको पृष्ठभूमि, महिला सहभागिता, विभिन्न समस्या र यसको औचित्य आदिमा व्याख्या गरिएको छ ।

अध्याय दुईमा अध्ययन सम्बन्धी विभिन्न खोजमुलक किताब तथा अन्य अध्ययन सामग्री पुस्तक, विभिन्न समाजशास्त्रीय तथा मानवशास्त्रीय भनाईहरु, विभिन्न पत्रपत्रिका आदि जस्ता साहित्यिक पुनरावलोकन बारेमा अध्ययन गरिएको छ ।

अध्याय तीनमा अध्ययन क्षेत्रको छनोट, तथ्यांकको स्रोत अन्तर्गत प्राथमिक र द्वितीय स्रोत सम्बन्धी तथ्यांकलाई लिइएको छ । यसअन्तर्गत अन्तर्वार्ता, विभिन्न सहभागी निरिक्षण, सामुदायिक सहभागिता, छलफल र विभिन्न सूचनादाता समक्ष रहेर अध्ययन गरिउको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको सामान्य परिचय, भौगोलिक स्थिति, विभिन्न सामुदायिक वनको स्थिति, सामुदायिक वनमा रहेका विभिन्न विरुवाहरुको अध्ययन, यसको संरक्षण प्रक्रिया, उपभोक्ता समिति गठन प्रक्रिया आदिको बारेमा व्याख्या विश्लेषण गरिएको छ ।

अध्याय पाँचमा तथ्यांकको व्याख्या तथा विश्लेषण, त्यस क्षेत्रमा रहेका सामाजिक प्रक्रिया र जग्गा जमिनमा महिलाको स्थिति, महिला सहभागिता र यिनीहरुको सक्रियता आदि जस्ता कुरामा व्याख्या विश्लेषण गरिएको छ ।

अध्याय छमा अनुसन्धानले प्राप्त गरेका प्राप्तिबाट निकालिएको सांराश र निष्कर्ष सम्बन्धी व्याख्या विश्लेषण गरिएको छ । यसरी अध्ययनमा आवश्यक सम्पूर्ण प्रक्रिया अन्त्य तरिकाहरुबाट एउटा महत्वपूर्ण सांगठनिक स्वरुप तयार भएको छ ।

# अध्याय-दुई

## साहित्य पुनरावलोकन

नेपालको वन तथा सामुदायिक वनको बारेमा धेरै व्यक्तिहरुले आफ्नो अमूल्य समय र शक्ति खर्च गरेर गहिरो अध्ययन, अनुसन्धान गरेका छन् । यहाँ ती मध्य केहि महत्वपूर्ण महानुभावहरुले प्रकाशन गर्नु भएका लेख, साहित्य, जर्नल, शोधपत्र, किताब आदिलाई समीक्षात्मक रुपमा समालोचना गर्ने प्रयास गरिएको छ । यिनीहरुको अध्ययनले वन सम्बन्धी क्रियाकलापमा महिलाको भूमिका तथा सहभागिताको बारेमा बुझ्नको लागि एक महत्वपूर्ण सहयोग पुऱ्याउने छ ।

- सामुदायिक वनमा स्थानीय जनता महत्वपूर्ण हुन्छन् । उनीहरुकै हातमा निर्णय, योजना, उत्तरदायित्व रहेको हुन्छ तर वास्तविक सहभागिताको कमिको कारण चाहेजती सफलता हासिल हुन नसकेको कुरा गर्दछन् (Gilmour and Fisher, 1991)।

- सामुदायिक वनको इतिहास केहि तलमाथि भएको पाइन्छ । यसबाट केहि समस्या देखियो । त्यसपछि नयाँ कानुन नियमावली तयार भयो जसले एसियाली मुलुक भित्र नै धेरै प्रतिमुलक काम गरेको छ । आजकल सामुदायिक वनलाई उच्च प्राथमिकता दिइएको छ (Chhetri and Jackson, 1995) ।

- जनसहभागिताले विभिन्न अर्थ दिन्छ जुन ६ जना अन्धामान्छेले हातीलाई छोएर त्यो कस्तो देखिन्छ भनेर गरेका विवाद झैं हो । जुन सहभागिताको धारणा एकै किसिमको भनाईमा मात्र सीमित छैन, यो पेशासँग वा यस कार्यक्रमसँग सम्बन्धित हरेकले आ-आफ्नो दृष्टिकोणबाट यसलाई बुझ्ने र व्यवस्था गर्ने प्रयास गरेका छन् (Chhetri, 1996) ।

- सामुदायिक वनको सहभागिताले मुख्य गरी योजना बनाउने परिचालन गर्ने र फाइदा लिने जस्ता सबै पक्षमा जनताको सहभागितामा जोड दिन्छ । यसले महिला सहभागितालाई पनि राम्ररी जोड दिएको छ । सहभागिता सामुदायिक वनको एउटा अति आवश्यक विशेषता हो (Kayastha, 1991) ।

- सामुदायिक वन लागू भए पश्चात सामुदायिक वन कार्यक्रमको सहभागी मुलक अवधारणाले गर्दा जनताको चेतना र सामुहिक सम्पत्तिमा आफ्नो भन्ने भावना वृद्धि भएको छ (Gurung, 1999) ।
- समुदायका सबै उपभोक्ता घरधुरीहरु वन उपभोक्ता समुहको सदस्य बन्न सक्छन् । समुहले निर्णय कार्यान्वयन गर्न एक कार्य समितिको चयन गर्दछ, जसलाई ९ देखि १५ जनासम्म समुहबाट छानिएका मानिस हुन्छन् (राई, २०५९) ।
- नेपालमा ग्रामीण महिलाहरुको दैनिक आधाभन्दा बढी समय वन र त्यससँग सम्बन्धित कार्यमा बित्ने गर्दछ (Marit, 1979) ।
- नेवारी समुदायमा केटीलाई परम्परागत अनुसार बेलसँग विवाह गराइन्छ । विवाह गर्ने केटीले आफ्नो वैवाहिक जीवन सुखिहोस् भनेर उनीहरुले पतिको दीर्घायू होस् भनी भगवानलाई बेल चढाउनु पर्ने साङ्केतिक अर्थ छ (Kayastha, 1991) ।
- यदि समुदायको पुरुष सदस्यहरुबाट राम्रो समर्थन र हौसला महिलाहरुले पाउने हो भने उनीहरु कुनै पनि स्थानीय विकास सम्बन्धी प्रयासहरुमा सहभागी हुने थिए (Chhetri and Rana, 1995) ।
- सामुदायिक वनले उपभोक्ता समुहको संस्थागत विकास सामुदायिक वन विकास, भौतिक विकास, कोष परिचालन वा आर्थिक विकास र गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउँदछ (Baniya, 2004) ।
- सामुदायिक वन विस्तारका लागि चाहिने आवश्यक सीपमूलक ज्ञानको कमि छ । यदि सामुदायिक वन कार्यक्रम दिर्घकालीन रुपमै सञ्चालनका लागि यस्ता विभिन्न समस्याहरु पूर्व तह सच्याउनु पर्दछ (सिंह, १९९६) ।
- सामुदायिक वन तथा वन विभागले वनलाई यहाँका जनताहरुको आय स्तर बढाउने क्रियाकलापहरु तथा समाज विकास कार्यक्रमहरुद्वारा सामाजिक, आर्थिक, वातावरणीय अवस्था सुधार्ने साधनका रुपमा लिने गरिन्छ (Jha, 1998) ।

- पर्यावरणीय अनुकुलताको विकास जनता केन्द्रित योजना एवं सामाजिक मुल्य, मान्यता र सांस्कृतिक पक्षलाई समेत समेटिएका योजना प्रतिफल समेत जनताले उपयोग गर्न पाउने विकास नै जनता केन्द्रित विकास अवधारणा हो (तिवारी, २०६७) ।

# अध्याय-तिन

# अनुसन्धान पद्धति

कुनै पनि विषयमा व्यवस्थित अध्ययनका लागि निश्चित अनुसन्धान विधिहरुको आवश्यकता पर्दछ । अनुसन्धानको क्रममा सबै अनुसन्धान विधि गर्नुपर्ने आवश्यक नरहन पनि सक्छ । त्यसैले विभिन्न विषय र प्रकृतिअनुसार फरक फरक किसिमका अनुसन्धान विधि अपनाउन सकिन्छ । यसरी यस शोधपत्र तयार गर्दा अपनाउने विधि तल उल्लेख गरिएको

छ ।

## ३.१ क्षेत्र छनोट

यस अध्ययनका लागि लम्कि चुहा न.पा. १ कैलालीको जनकल्याण सामुदायिक वनलाई मुख्य अध्ययन क्षेत्रको रुपमा लिइएको छु । ४१४ हेक्टर क्षेत्रफलमा रहेको यस वनमा ८५० घरधुरी रहेका छन् । यो क्षेत्र नेपालकै सुगम र सुविधा सम्पन्न क्षेत्र भए पनि लम्कीचुहाका महिला समाजका हरेक निर्णायक तहमा पछि परेपनि सामुदायिक वनले गर्दा उनीहरुमा एकता भई आफ्नो घरायसी समस्या पनि समूहमा छलफल गर्ने र त्यसको समस्याको समाधान गर्ने समेत कार्यमा अग्रसर भइरहेका छन् । यो यस क्षेत्रको महिलाको उदाहरणीय कार्य हो ।

२०५६ सालदेखि यसलाई व्यवस्थित रुपमा सञ्चालन गर्न खोजिएको वनलाई २०६३ साल पौष ११ गते सामुदायिक वन भनि उपभोक्ता समुहलाई हस्तान्तरण गरियो (जिल्ला वन कार्यालय, कैलाली) । पर्यटकीय स्थल बर्दिया राष्ट्रिय निकुञ्ज तथा कर्णाली चिसा पानी देखि पश्चिमतिर करिब १४ कि.मी. दुरीमा रहेको र महेन्द्र राजमार्गसँगै जोडिएको यस सामुदायिक वनलाई क्षेत्र अध्ययनको लागि छानिएको छ । जसलाई छानिनुको औचित्य निम्न लिखित छ ।

(क) यस जनकल्याण सामुदायिक वन उपभोक्ता समूहका महिलाहरुको बारेमा कुनै अध्ययन भएको छैन ।

(ख) त्यहाँका उपभोक्ता समुहले स्थानीय वनलाई व्यवस्थापन गरिरहेका छन् ।

(ग) यस अध्ययन पश्चात त्यस क्षेत्रका महिलाको नेतृत्व विकास र वन संरक्षणमा अझै हौसला मिल्न सक्ने आशा गरिएको छ ।

(घ) अनुसन्धानकर्ता सोहि ठाउँमा गएर अनुसन्धान गर्ने भएकाले सहि तथ्याङ्क प्राप्त गर्न सकिने विश्वास राखिएको छ ।

## ३.२ अनुसन्धान योजना

प्रस्तुत अनुसन्धानको निम्ति वर्णनात्मक र अन्वेषणात्मक २ वटै खाले शोध योजना प्रयोग गरिएको छ । वर्णनात्मक अनुसन्धान विधि घटनाको वर्णन गर्न प्रयोग गरिएको छ । यस विधिले यस अध्ययनमा वन व्यवस्थापनको इतिहासलाई बुझ्न मद्दत पुऱ्याएको छ । त्यसैगरी अन्वेषणात्मक अनुसन्धान पद्धतिले गरिन लागेको अनुसन्धानले विशेष उद्देश्यलाई पत्ता लगाउन मद्दत गरेको छ । यस पद्धतिको मद्दत लिएर यस अध्ययनभित्र महिला सहभागिता, यसलाई प्रभाव पार्ने तत्वहरु, उनीहरुमा आएको परिवर्तन र सामुदायिक वनप्रति उनीहरुको अवधारणाको बारेमा खोज गरिएको छ । साथै यस योजनाले यस अध्ययनको निष्कर्षमा विश्लेषण गर्न समेत मद्दत पुऱ्याएको छ । अनुसन्धान योजनाले अध्ययनको विशेष उद्देश्य पुरा गर्नुको साथै यहि विषयमा अर्को अध्ययन गर्नुपर्दा यसले सहयोग पुऱ्याउने आशा गरेकी छु।

## ३.३ नमुना छनोट प्रक्रिया

कैलाली जिल्ला लम्की चुहा न.पा. वडा नं. १ मा पर्ने भुरुवा गाउँलाई अध्ययन क्षेत्रको रुपमा छानिएको छ । जम्मा ८५० घरधुरी मध्ये सबै उपभोक्ताहरुको अध्ययन गर्न नसकिने भएकाले ५०जनालाई नमुनाको रुपमा लिइएको छ । त्यसबाट सम्भावना रहित नमुना छनोट पद्धति अन्तर्गतको कोटा नमुना विधि अपनाई २० प्रतिशत (५० परिवार) महिलालाई उत्तरदाताको रुपमा लिइएको छ । यसरी ५० घरधुरीबाट छानिएको नमुना छनोटले सबैको प्रतिनिधित्व गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोतहरु

कुनै पनि शोध कार्य पूरा गर्नका लागि आवश्यक तथ्याङ्क संकलन गर्नुपर्ने हुँदा यस अनुसन्धान कार्यमा प्राथमिक र द्वितीय २ वटै तथ्याङ्कलाई प्रयोगमा ल्याइएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताले उत्तरदातालाई प्रत्यक्ष सम्बन्धित क्षेत्रमा आफैलाई भेटेर अवलोकन गर्ने सहभागी हुने र उत्तरदाताबाट विभिन्न स्वरुपबाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

आफ्नो विषय अनुरुप सम्बन्धित तथ्याङ्क संकलन विभाग, अनुसन्धान प्रतिवेदन, पुस्तक, जर्नल, पत्रपत्रिका तथा सम्भावित निकायहरु जस्तो जिल्ला वन कार्यालय, स्थानीय सरकारी कार्यालयमा सम्पर्क गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस अध्ययनका लागि चाहिने प्राथमिक र द्वितीय तथ्याङ्क संकलन विधिलाई प्रयोगमा ल्याइएको छ । यस किसिमको तथ्याङ्क संकलनका लागि स्थलगत अध्ययन गर्नु अनिवार्य भएकाले स्थलगत अध्ययन गरी निम्न विधि वा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता

यो प्राथमिक तथ्याङ्क संकलनको लागि महत्वपूर्ण विधि हो । यस तरिकाबाट सूचना संकलन गर्दा अध्ययनको उद्देश्य पत्ता लगाउन धेरै मद्दत पुगेको छ । यस विधिमा निश्चित प्रश्नको सूची बनाई वन उपभोक्ता समुहमा नमुनाका रुपमा परेका उपभोक्ताहरुलाई मात्र प्रयोगमा ल्याइएको छ । यस अर्न्तवार्ता विधिमा फरक फरक उत्तरदाताका रुपमा फरक लिङ्ग, उमेर, शिक्षा भएका व्यक्तिसँग अर्न्तवार्ता लिइएको छ । यसबाट प्रत्यक्ष रुपमा प्रश्नदाता र उत्तरदातासँग नजिक भएर तथ्याङ्क संकलन गर्न सकिएको छ ।

### ३.५.२ सहभागी निरीक्षण विधि

प्राथमिक सूचना संकलन गर्नका लागि सहभागी निरीक्षण विधि एक महत्वपूर्ण विधि हो । यो विधि क्षेत्रमा आधारित हुने हुनाले अनुसन्धान प्रक्रियामा एउटा गहन अध्ययनका लागि धेरै व्यवहारिक र प्रभावकारी हुन्छ । कुनै पनि अध्ययन क्षेत्रमा गएर अध्ययन गर्नका लागि सोहि ठाउँमा गएर उनीहरुसँगै बसेर सो अध्ययन क्षेत्रको वास्तविक कुरा पत्ता लगाउन सजिलो हुने भएकाले यो विधि उपयुक्त विधि हो । विशेष गरी समुदायमा गएर

उनीहरुको बिचमा उनीहरुसँगै बसेर यो विधिबाट तथ्याङ्क संकलन गर्दा वास्तविक तथ्याङ्क आउने गर्दछ । यो विधिलाई अध्ययन क्षेत्र प्रयोगमा ल्याइएको छ ।

### ३.५.३ सामुहिक छलफल

यस विधि अनुसार सूचना प्रदान गर्ने व्यक्तिहरु जस्तै स्थानीय नेता, सरकारी कर्मचारी, शिक्षक, गृहणी, उपभोक्ता समुहका सदस्य, वन व्यवस्थापन समितिका पदाधिकारी आदिसँग छुट्टाछुट्टै समुह वा मिलेसम्म एकै ठाउँमा भेला गरी वनको स्थिति, वन व्यवस्थापनमा महिलाको स्थिति र त्यसलाई प्रभाव पार्ने तत्वहरुको बारेमा थप जानकारी दिन प्रयास गरिएको छ वा सामुहिक छलफलका लागि सबैलाई एकै ठाउँमा भेला गरी अध्ययन गरिएको छ ।

### ३.५.४ मुख्य सूचनादातासितको अन्तरवार्ता

मुख्य सूचना संकलनको लागि अध्ययन क्षेत्रका निश्चित सदस्यहरु, जसअन्तर्गत वन उपभोक्ता समितिका सदस्य तथा प्रमुख अभियन्ता महिला, शिक्षक, स्थानीय राजनैतिक तथा सामाजिक नेता वनपालेलाई मुख्य सूचनाको रुपमा राखी तथ्याङ्क संकलन गरिएको छ । सामुदायिक वन भएपश्चबात महिलाहरुको भूमिकामा आएको परिवर्तन बारेमा वास्तविक तथ्याङ्क संकलन गर्नका लागि यो विधिलाई अनुसन्धानमा ल्याइएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

अध्ययन अनुसन्धानको सफलताको लागि संकलन गरिने तथ्याङ्कको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्दछ । विभिन्न अनुसन्धानबाट संकलन गरिएका तथ्याङ्कलाई तालिकीकरण गरी सङ्ख्या र प्रतिशतका आधारमा व्याख्या विश्लेषण गरिएको छ । गुणात्मक तथ्याङ्कलाई वर्णन मात्र गरिएको छ ।

## ३.७ अध्ययनका सीमाहरु

हरेक अध्ययनको आफ्नै सिमा हुन्छ । विभिन्न समस्या र रोकावटको कारण धेरै अध्ययनमा त्रुटी कमजोरी देखा पर्दछन् । यो अध्ययन पनि अपवाद होइन । यो अध्ययन केबल एउटा नगरपालिका भित्रको नमुना छनोट पद्धतिबाट गरिने अध्ययन हो । त्यसैले यस अध्ययनलाई अन्य ठाउँमा सामान्यीकरण गरेर हेर्न मिल्दैन । मुख्य गरी अनुसन्धानकर्ता स्नातकोत्तर तहको एक विद्यार्थी भएको नाताले निश्चित समयभित्र सीमित उद्देश्य र सानो क्षेत्रमा गरिएको अध्ययन भएकाले यि माथिका समस्याहरु यस अध्ययनलाई सिमित पार्ने माध्यम बनेको छ ।

# अध्याय- चार
# अध्ययन क्षेत्रको सामान्य परिचय

## ४.१ भौगोलिक स्थिति

कैलाली जिल्ला नेपालका ७७जिल्ला मध्येको एक सुदुरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत सेती अञ्चलमा पर्ने तराई जिल्ला हो भने नयाँ मुलुक भनेर चिनिने जिल्लाहरु मध्येको एक जिल्ला पनि हो । पूर्वमा वर्दिया पशिचममा कन्चनपुर  उत्तरमा सुर्खेत र डोटी जिल्ला र दक्षिणमा भारतको उत्तरप्रदेशको खिरी जिल्ला पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल ३२३५ वर्ग किलोमिटर मध्ये ४०.३% पहाड र ५९.७% तराई रहेको छ। समुन्द्री सतहबाट १०९ मीटर देखि १९५० मीटरको उचाईमा रहेको छ । यो जिल्लाको लगभग बिच भागबाट पूर्व देखि भएर महेन्द्र राजमार्ग गएको छ । साथै एसियाको दोस्रो नमुना पुल कर्णाली नदी माथि बनाएको एक खम्बे पुल समेत यस जिल्लामा रहेको छ र यस जिल्लालाई ६४ प्रतिशत वन जंगलले ढाकेको छ (जिल्ला वन कार्यालय, कैलाली) ।

## ४.२ हावापानी र जमीनको बाँडफाँड

जिल्लाको कुल क्षेत्रफल३२३५ वर्ग किलोमिटर रहेको छ । जसमध्ये तराई क्षेत्र ५९.७छ भने शिवालिका र चुरे क्षेत्रले ४०.३% उत्तरी भागमा फैलेको छ । यस जिल्लाको अधिकांश भू-भाग तराई क्षेत्रमा पर्ने भएकोले यहाँ उपोष्ण (Sub-tropical) प्रकारको हावा पानी पाइन्छ सालाखाला वार्षिक तापक्रम अधिकतम ४३°सेल्सयस र न्यूनतम १९° सेल्सियस रहेको पाइन्छ । औषत वर्षा १८४० मिलिलिटर रहेको छ । जिल्लाको तराई भागमा उष्ण प्रदेशीय सदाबाहार वन र चुरे पर्वतमा समशितोष्ण प्रदेशीय मिश्रित तथा पतझर वन पाइन्छ ।

## ४.३ जनसंख्याको अवस्था

वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार यस जिल्लाको कूल जनसंख्या ७७५७०९ रहेको छ जसमा पुरुष जनसंख्या ३७८४१७(४८.५%) र महिला जनसंख्या ३९७२९२ (५१.५०%)रहेको देखिन्छ । जुन तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ : कैलाली जिल्लाको जनसंख्याको स्थिति**

| जनसंख्या गणना वर्ष | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|
| २०४८ | ४१७८९१ | २१०१२७ | २०७७६४ |
| २०५८ | ६१६६९७ | ३१२३११ | ३०४३८६ |
| २०६८ | ७७५७०९ | ३७८४१७ | ३९७२८२ |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

यस जिल्लामा बसोबास गर्नेहरुमा आदिवासी थारु समुदायको बाहुल्यता रहेको छ भने अन्य जातिहरुमा ब्राम्हण, क्षेत्री, ठकुरी, मगर, थारु र अन्य जातजाति बसोबास गर्ने गर्दछन् । सुकुम्बासी, मुक्तकमैया आदिले गर्दा बसाईसराईको क्रम तिब्र रुपमा देखिन्छ भने अर्कोतिर यातायात, स्वास्थ्य, संचार र अन्य सुविधाका कारण पनि यस क्षेत्रको जनसंख्या दिनप्रतिदिन बढी रहेको छ ।

## ४.४ वन जंगलको स्थिति

कैलाली जिल्लालाई वन क्षेत्रले धेरै मात्रामा ढाकेको छ तरपनि यस जिल्लामा वन फडानी अत्याधिक भएपनि करिब २ लाख ५९ हजार हेक्टरमा वन क्षेत्र रहेको छ । यस जिल्लामा अत्याधिक मात्रामा वन विनास भएपनि सरोकारवालाको संरक्षणका कारण अहिलेसम्म केहि मात्रामा नाश हुनबाट जोगिएको छ । यस जिल्लामा ५२७ वटा सामुदायिक, ११ वटा धार्मिक वन र २ वटा साझेदारी वन रहेका छन् । (कैलाली बुँलेट, २०७५-६-४)

## ४.५ सामुदायिक वन

वन विकास गुरुयोजना २०४४ ले निर्दिष्ट गरे बमोजिम पायक पर्ने तथा चर्चिन सक्ने  वन क्षेत्र नजिकका उपभोक्तालाई हस्तान्तरण गर्न सक्ने श्री ५ को सरकारको नीति बमोजिम यस जिल्लामा पनि २०५३ सालदेखि उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण प्रक्रिया शुरु भएको हो र यस जिल्लामा सामुदायिक वन विकास कार्यक्रमले उल्लेखनीय रुपमा गति हासिल गरी सकेको छ भने कतिपय उपभोक्ता समूहलाई थप वनक्षेत्र हस्तान्तरण गर्ने कार्यक्रम रहि आएको छ ।

नेपालमा सामुदायिक वन विकास कार्यक्रम लागु भैसकेपछि त्यसको लहर कैलाली जिल्लामा पनि पुग्यो । विशेषगरी वातावरण तथा वन उद्यम कार्यक्रम आर्थिक

वर्ष२०५३/०५४ मा लागु भै सकेपछि जिल्ला वन कार्यालयको इफा-केयर नेपाल तथा वन उद्यम वि.एस.पी. न्यु इराको समेत प्राविधिक सहयोगमा सामुदायिक वन उपभोक्ताको पहिचान गरी समूहकृत गर्ने सो समूहलाई तिनीहरुको पायक पर्ने तथा परम्परा देखि उपभोग गर्दै आएको वनजंगल सामुदायिक वनको रुपमा सुम्पिदै आएको छ ।

यसरी यस जिल्लामा सामुदायिक वन कार्यक्रमले केहि गति हासिल गरिसकेको भएता पनि उपभोक्ता समूह पहिचान गरी समूहकृत गर्ने कुरामा र वन जंगलको सीमा निर्धारण सम्बन्धमा केहि समस्याहरु देखा परेका छन् । त्यस्तै उपभोक्ता समूहले हस्तान्तरित सामुदायिक वन संरक्षण गर्ने र नजिकको राष्ट्रिय वनबाट काठ दाउरा ल्याउने सो गर्दा जथाभावी रुपमा रुख कटानी गर्ने गरेको पनि पाइन्छ । २०५३ सालदेखि हस्तान्तरण प्रक्रिया शुरु भए यता हस्तान्तरित सामुदायिक वनको संख्या ५२७पुगिसकेका छन्।

विगतका दशकहरुमा कैलाली जिल्ला वनको लागि अति सम्पन्न थियो । प्रशस्त रुख, विरुवाहरु तथा वन्य जन्तुहरु पाइन्थे । २०१६/१७ सालमा औलोको प्रकोपले गर्दा न्यून बसाईराई तथा जनसंख्याको मन्द चापको कारणले अतिक्रमण, अनियन्त्रित कटानी तथा चोरी निकाशी नगण्य मात्रामा रहेको थियो । २०१७ साल पछिको सांगठनिक ढाँचा बमोजिम वन डिभिजन कार्यालयको स्थापना भए पश्चात वन तथा वन्य जन्तुको संरक्षणका निम्ति फिल्डस्तरमा विभिन्न इकाई कार्यालयहरु स्थापना भए । समयानुकूल वन ऐन तथा नियमावली (वन संरक्षण विशेष व्यवस्था ऐन २०२४) निर्माण भै वन संरक्षण तथा सम्बर्द्धन क्षेत्रमा उल्लेखनीय सफलता प्राप्त भएको देखिन्छ ।

## ४.६ जनकल्याण सामुदायिक वन र उपभोक्ता समूहको परिचय

### ४.६.१ पृष्ठभूमि

लम्की चुहा नगरपालिका वडा नं. १ अन्तर्गत पर्ने ४१४ हेक्टर क्षेत्र ओगटेको श्री जनकल्याण सामुदायिक वन (मिति ०५६/४/११ मा नामाकरण गरिएको) पहिले निकै घना जंगल थियो कालान्तरमा अव्यवस्थित बसोबास तथा बजार तथा बस्तिसँग जोडिएर रहेको कारणबाट पर्न गएको तीव्र जनचापले गर्दा क्रमिक रुपमा वनको विनाश हुँदै गयो भने अर्कोतर्फ वनक्षेत्र माथिको जनदवाव र  कृषि एवं बसोबासको कारणले पनि यो वनत्यति राम्रो हुन सकेको थिएन ।

सामुदायिक वन हस्तान्तरण पश्चात बितेका केहि वर्षमा वन व्यवस्थापन गर्ने क्रममा समूहले धेरै उकाली ओराली पार गरेर आजको स्थितिसम्म आइपुगेको छ त्यस्तै तुलनत्मक रुपमा वनको स्थिति अत्यन्त राम्रो भएको देखिन्छ । उपभोक्ता समूहबाट उक्त दुवै क्षेत्रहरु र सामुदायिक भवन समेत एकीकरण गरी वन व्यवस्थापनको कार्य समेत संशोधन गरिसकेको छ भने भविष्यमा वनको हैसियतमा सुधार ल्याउनुका साथै उपभोक्ताहरुका दैनिक आवश्यकताका वस्तुहरु घाँस, दाउरा काठ लगायतका वन पैदावारहरुको सरल रुपमा पूर्ति भै सामुदायिक वनमा रहेको खेलकुद मैदानर निर्माणाधिन कबाड हलले खेलकुदको माध्यमद्वारा वनलाई चिनाउने छ ।

कूल४१४ हेक्टर वनक्षेत्र ओगटेको यस सामुदायिक वन क्षेत्रको सम्पूर्ण उपभोक्ता संख्या ८५० रहेको छ भने महिला उपभोक्ता सदस्यको संख्या ५५० रहेको देखिन्छ त्यस्तै गरेर पूर्वमा कर्णाली नदी, पश्चिममा लम्की बजार उत्तरमा मातृभूमि सामुदायिक वन तथा दक्षिणमा पथरैया र थापुर गाउँ रहेको छ ।

### ४.६.२ वनको प्रकार र पाइने बोट विरुवाका प्रजातिहरु

यो मिश्रित किसिमको वन हो पहिले घना वन अतिक्रमण र बढ्दो बसोबासले मासिएर कतै-कतैमात्र प्राकृत रुपमा खयर, साल र सिमल रहेको उक्त वनक्षेत्रलाई संरक्षण गर्ने उद्देश्यलेपहिलो समुहलाई नै जिम्मा दिँदैआएकोमा २०६३/९/११ मा जनकल्याण सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको हो । यो विभिन्न जातका बोट विरुवाहरुको वृक्षारोपण गरिएको वन हो र निम्न किसिमका वनस्पतिका प्रजातिहरु पाइन्छन् सिसौं, खयर, वबुर, टिक, टोटे, असारे, सिंदुरे, गुठुर्के, पलास, करौदा आदि रहेका छन् भने प्राकृत रुपमा विभिन्न जडिबुटीहरु जस्तै कुरिलो सर्पगन्धा र सिकाकाई पहिचानमा आएका छन् । यस सामुदायिक वनमा जडिबुटी खेतिका लागि पनि योजना बनिरहेको छ । साथै यस वनमा बन्य जन्तुका लागि खाने पानीका रुपमा पनि पानी पोखरीको व्यवस्था गरिएको छ । यस वनमा विभन्न प्रकारका चराचुरुङ्गी, बाघ, निलगाई समेत रहेका छन् ।

### ४.६.३ वन व्यवस्थापन तरिका

जनकल्याण सामुदायिक वनलाई व्यवस्थापनको हिसावले १४ वटा टोलमा विभाजन गरिएको तथा सिमानाको रुपमा अग्नी नियन्त्रण रेखा निर्माण गरिएको छ भने वनको बिच

बिचमा अग्नि नियन्त्रणका लागि पानी पोखरीको निर्माण गरिएको छ । जनकल्याण सामुदायिक वनको नामले चिनिने यो सामुदायिक वनमा खेल मैदान तथा कहाड हलको समेत व्यवस्था गरिएको छ र यस वनको सुरक्षाका लागि विभिन्न क्लबको गठन गरी वन संरषण गरिनुका साथै महिला समूह गठन महिलाले समेत वन संरक्षणमा गर्ने गर्दछन् ।

### ४.६.४ सामुदायिक वन व्यवस्थापनका उद्देश्यहरु

(क) वनको संरक्षण व्यवस्थापन तथा उपभोग गर्ने ।

ख) उपभोक्ताहरुका दैनिक आवश्यकताका वन पैदावारहरु सतत आपूर्ति गर्ने ।

(ग) वन पैदावारको बिक्री वितरण गरी संचित कोषको रकम वन विकास तथा स्थानीय विकास कार्यमा लगानी गर्ने ।

(घ) उपभोक्तालाई बढी भएको वनपैदावर बिक्री वितरण गर्दा नजिकका उपभोक्ताहरुलाई प्राथमिकता दिई वनमा हुने बाहिरी चाप कम गराउने ।

(ङ) उपभोक्ता समूहको कोष वृद्धि गर्न तथा उपभोक्ताहरुको जिवन स्तर उकास्न उपयुक्त आय मुलक कार्यक्रमहरु संचलान गर्ने ।

(च) वातावरणीय सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने ।

समूहको वन पैदावारको माग र आपूतिर्द्धको विवरण तालिका अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ : दाउरा उपभोग स्थिति**

| क्र.सं. | उपभोग भारी | प्रयोग गर्ने संख्या | जम्मा |
|---|---|---|---|
| १ | ५-१० भारी | १५ | ३० |
| २ | १०-२० भारी | २५ | ५० |
| ३ | २० भन्दा माथि | १० | २० |
| | जम्मा | ५० | १०० |

स्रोतः उपरोक्त तथ्यांक सामाजिक सर्वेक्षणबाट प्राप्त हुन आएको हो ।

**वन सम्वर्द्धनको कार्यतालिका**

कार्ययोजनामा निम्न रुपले वनको संरक्षण/सम्वर्द्धन गर्ने योजना अनुसार कार्यतालिका बनाइएको छ ।

**तालिका नं. ३ : वार्षिक कार्यक्रम विवरण**

| वन पैदावर | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वैशाख | जेष्ठ | आषाढ | श्रावण | भदौ | आश्विन | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र |
| वृक्षारोपण | - | - | | | | - | - | - | - | - | - | - |
| पुनःरोपण | - | - | | | | - | - | - | - | - | - | - |
| ढला-पडा संकलन | - | - | - | - | - | - | - | | | | | - |
| दाउरा संकलन | | | | | | | | | | | | |
| बल्लाबल्ली संकलन | - | - | - | - | - | - | - | | | | - | - |
| भुई घाँस | | | | | | | | | | | - | - |
| हांगा छट्नी | - | - | - | - | - | - | - | | | | - | - |
| एक्ल्याउने | - | - | - | - | - | - | - | | | | - | - |
| पत्ल्याउने | - | - | - | - | - | - | - | | | | - | - |
| जडिबुटी संकलन | - | - | - | - | - | - | - | | | | - | - |
| नर्सरी स्थापना | - | - | - | - | - | - | - | | | | - | - |

स्रोतःजनसकल्याणसा.व. कार्य योजना, २०१७

उपरोक्त कार्यतालिका अनुसार नै वर्षेनी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गर्दै आएको देखिन्छ ।

## ४.६.५ वन संरक्षणको तरिका

सामुदायिक वन संरक्षण के कसरी गर्न सकिन्छ भन्ने बारेमा तल बुँदाहरु उल्लेख गरिएका छन् जुन यस प्रकार छन् :

**(क) वनको रेखदेख**

यस सामुदायिक वनको रेखदेख एवं संरक्षणको पूर्ण जिम्मेवारी समूहको रहेता पनि सामुदायिक वन नियमित रेखदेखको लागि मासिक ज्यालादारीमा एकजना चौकिदार (हेरालु) नियुक्त गरिएको छ । वन हेरालुले रेखदेख गरेको क्षेत्रको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।

**(ख) आगलागी नियन्त्रण**

यस सामुदायिक वनमा आगालागी नियन्त्रणका लागि वनमा जानेहरुर्ला सलाई, लाइटर जुन आगो बाल्न प्रयोग हुने वस्तुवन भित्र लिएर जान निषेध गरिएको छ । यदि लिएको भेटिएमा सजाएको व्यवस्था गरिएको छ ।

**(ग) वन अतिक्रमण रोकथाम**

वन अतिक्रमण रोकथामका लागि सामुदायिक वनको केहि भागमा (Trench Fence)खाडल खनिएको छ र बाँकी भागमा Trench खन्ने र आवादी जग्गासँग जोडिएको सामुदायिक वन तर्फ सिमाना मिच्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै लैजाने कार्यक्रम राखेको देखिन्छ । त्यस्तै अग्नि रेखा निर्माण र मर्मत गर्ने गरिआएको देखिन्छ भने भधेरै ठाउँमा पानी पाखेरीको निर्माण समेत गरिएको छ ।

**(घ) वन पैदावार चोरी- निकासी नियन्त्रण**

यस वनमा वन पैदावार चोरी नियन्त्रणका लागि वनक्षेत्रको नियमित रेखदेख गर्न हेरालुको व्यवस्था गरिएको छ ।साथै सो को रोकथामको लागि समिति तथाईलाका वन कार्यालयबाट पनि रेखदेख हुने गरेको छ । साथै समुहका महिलाहरुबाट चोरी निकासीको विशेष निगरानी गर्ने गरिएको छ ।

**(ङ) चरिचरण नियन्त्रण**

यस सामुदायिक वनमा चरिचरण गर्न गराउन पूर्ण रुपमा बन्देज गरिएको छ । कोहि कसैको वस्तुभाउ चरिचरण गरेको देखेमा पक्राउ गरी राखिने व्यवस्था गरिएको छ र कार्य योजनामा उल्लेख गरे अनुसार जरिवाना असुल उपर गर्ने गरेको देखिन्छ ।

**(च) चोरी/शिकार नियन्त्रण**

सामुदायिक वन भित्र खरायो, निलगाई, बाघ, जरायो र विभिन्न चराचुरुङ्गी समेत देखापर्न थालेका छन् तसर्थ त्यस्ता वन्यजन्तुहरुको शिकार हुन नदिन हात-हतियार लिएर सामुदायिक वन भित्र प्रवेश निषेध गरिएको छ भने विना कारण वन भित्र पस्न पनि निषेध गरिएको छ ।

### ४.६.६ वन पैदावारको सदुपयोग तथा विक्री वितरण

**(क) दाउरा**

यस सामुदायिक वन भित्रको दाउरा उत्पादन क्षमता धेरै रहेता पनि दाउरा आपूर्तिका लागि यस सामुदायिक वन भित्र हंगा कांट-छांट झाडी सफाई, पत्ल्याउने तथा सुकेका हांगा-विगाबाट प्राप्त वन पैदावार मात्र समूहले दाउरा तथा बल्लाबल्लीको रुपमा आपूर्ति गर्ने गरेको छ । हांगा कांट-छांट र पत्ल्याउने कार्य गर्दा प्राप्त हुन आएका दाउरा तथा बल्लाबल्ली घरधुरी बमोजिमभाग (चट्टा) लगाई वितरण गरिँदै आएको छ भने प्रति चट्टा समूहको निर्णय अनुसारको शुल्क लिएर वितरण गर्ने गरिन्छ भने सामाजिक संस्कार अनुसारका सामाजिक कार्यमा भने कम रकममा समेत दाउरा वितरण गर्ने गरिन्छ ।

**(ख) घाँस**

सामुदायिक वन भित्र भुई घाँस संरक्षण गरी पाल्ने नियम बनाइएको छ । भुई घाँस काट्नको लागि समितिबाट पूँजी लिएर वनमा प्रवेश गर्न पाइन्छ । समूहको व्यक्तिभए समुहको निर्णय अनुसारको महशुसलाई अनुमति दिने गरिन्छ भने समूह बाहिरका व्यक्ति भए सोहि अनुसारको निर्णय गरेर तोके अनुसारको शुल्कलिई घाँस संकलन गर्न अनुमति दिने व्यवस्था गरिएकोमा घास काट्दा अन्य हानी/नोक्सानी गरेमा तोके बमोजिम सजाय, दण्ड जरिवाना गर्ने गरिएकोमा वर्तमान समयमा उपभोक्ता समूह सदस्यलाई घाँस काट्न कुनै किसिमको छेकबार छैन । आवश्यकता अनुसार कुनै पनि समयमा संकलन गर्न सकिने व्यवस्था छ । वन भित्र रहेको घर छाउन तथा बार्नाका लागि प्रयोग गरिने खरमा भने रकम लिने गरेको छ ।

**(ग) काठ**

यस सामुदायिक वनबाट वन पैदावार काठ वार्षिक उत्पादन (१४.७३० घन मिटर) ५१९.६९ घनफिट रहेको तर वन क्षेत्रमा वल्ला बल्ली (Pole) अवस्थाका रुखहरु धेरै जसो भएकोले काठको भाग आपूर्तिको लागि यस सामुदायिक वन भित्र रहेका सुकेका खडा तथा ढलेका कुनै पनि जातका रुखहरुबाट जिल्ला वन कार्यालयको सहमतिमा संकलन (कटानी) तथा विक्री वितरण गर्न सक्ने प्रावधान राखिएको छ । यसरी सामुदायिक वन भित्रबाट संकलन गरिएको काठलाई निश्चित स्थानमा घाटगद्दी गर्ने तथा समूह भित्र खपत (प्रयोग)

हुने काठको निमित्त उपभोक्ता समूह स्वयंले मूल्य निर्धारण गरी विक्री वितरण गर्ने तथा समूह भित्र खपत हुन नसकी बढी भएको खण्डमा समूह भन्दा बाहिर प्रचलित सरकारी राजश्व मूल्य र काठ संकलन गर्दा लागेको ढुवानी खर्चमा नघटाई पारदर्शी प्रक्रियाबाट विक्री वितरण गरी तोकिएको ढाँचामा निकासी गर्ने व्यवस्था रहेको देखिन्छ ।

**४.६.७दण्ड जरिवाना तथा सजाय सम्बन्धी विवरण**

(क) काठ कटानी : विना इजाजत कोहि कसैले काठ काट्न पाउने छैन कसैले काटेमा विगो र हात-हतियार साधन समेत जफल गरी रु.१०० देखि १,००० सम्म जरिवाना गर्ने व्यवस्था छ ।

(ख) दाउरा कटानी तथा संकलन : यस सामुदायिक वन उपभोक्ता समूहको निर्णय विना वा विना इजाजत कोहि कसैले दाउरा संकलन तथा कटानी गरेमा वा संकलन गरी लगेमा विगो तथा हात हतियार समेत जफत गरी रु.२५ देखि ५०० सम्म जरिवाना गर्ने गरिएको छ ।

(ग) घाँस (भूइघाँस, डाले घाँस) कटानी : समूहको इजाजत विना समूह बाहिरका व्यक्तिले घाँस काटेमा रु.२५ सम्म जरिवाना गरी हटाउने व्यवस्था छ ।

(घ) जग्गा अतिक्रमण : यस सामुदायिक वनको जग्गा कोहि कसैले मिचेमा वा अतिक्रमण गरी खनजोत गरेमा रु.१००० देखि रु.५००० सम्म जरिवाना गरी अतिक्रमणकारीलाई हटाउने व्यवस्था छ ।

(ङ) चोरी शिकार : सामुदायिक वन भित्र कोहि कसैले चोरी शिकार गरेमा हातहतियार तथा आखेटोपहार समेत जफत गरी अभियुक्तलाई प्रचलित ऐन बमोजिम कार्यवाहीको निमित्त जिल्ला वन कार्यालयमा पेश गर्ने व्यवस्था छ ।

(च) वृक्षारोपण, विरुवा हानी नोक्सानी : यस सामुदायिक वन भित्र कोहि कसैले वृक्षारोपण गरेको विरुवा हानी नोक्सानी गरेको खण्डमा रु.५० देखि रु.१०० सम्म जरिवाना गर्ने व्यवस्था छ ।

(छ) आगो लगाएमा : यस सामुदायिक वनमा कोहि कसैले आगोलगाएमा आगलागीबाट भएको क्षति मूल्यांकन गरी विगो कायम गरी विगो बमोजिम जरिवाना गर्ने व्यवस्था छ ।

(ज) समूह कोष : सामुदायिक वनको कोषको रकम कसैले हिना-मिना गरेमा हिना मिना भएको रकम असुल उपर गर्ने तथा हिनामिना भएको रकम आलटाल गरेमा सम्बन्धित निकायमा मुद्दा दायर गरी त्यस्ता व्यक्तिलाई समूह सदस्यबाट समेत निष्काशन गर्न सकिने व्यवस्था छ ।

(झ) चरिचरण : कोहि कसैले विना इजाजत यस सामुदायिक वन भित्र गाई वस्तु आदिबाट चरिचरण गराएमा निम्नानुसार जरिवाना गर्ने गरिन्छ ।

**तालिका नं. ४: दण्ड/जरिवना व्यवस्था**

| सि.नं. | चौपाया | प्रतिगोटा प्रतिदिन जरिवाना |
|---|---|---|
| १ | भैसी-रांगा | रु. ५०० |
| २ | गाई-गोरु | रु.४०० |
| ३ | बाख्रा | रु. ३५० |

स्रोत : वन कार्ययोजना जनकल्याण (सा.व.), २०१७

### ४.६.८ वन्यजन्तुको संरक्षण सम्बन्धी व्यवस्था

यस सामुदायिक वन भित्र रहेका खरायो, निलगाइ, बाघ र कहिले काहीँ देखिने गरेको तथा विभिन्न जातका चराचुरुङ्गी, किट पतङ्ग आदि समपूर्ण वन्य जीवजन्तुलाई सुरक्षित राख्ने भन्ने निर्णय गरिएको देखिन्छ ।

### ४.६.९ पुरस्कारको व्यवस्था

(क) यस सामुदायिक वनमा अपराध गरेका (वन विनाश, चोरी, निकाशी) अपराधीलाई पक्राउ गरी सबुत प्रमाण सहित समिति वा समूह समक्ष पेश गरेमा सो अपराधीबाट दण्ड, जरिवाना स्वरुप प्राप्त भएको रकमको २५% रकम पुरस्कार स्वरुप उक्त व्यक्तिलाई दिने निर्णय उल्लेखित छ तर वनका चौकिदारले त्यस्ते रकम पाउने छैनन् भनिएको छ ।

(ख) यस सामुदायिक वनको विकास सम्बन्धमा सराहनिय काम गर्ने उपभोक्ता समूहका सदस्यलाई प्रसंशा पत्र तथा नगद पुरस्कारको रकम समूहले तोके बमोजिमको हुने व्यवस्था गरिएको छ ।

(ग) सामुदायिक वनको विकासका लागि लगनशील भै प्राविधिक सहयोग गर्ने वन प्राविधिकलाई समूहले तोके बमोजिम नगदै रकम तथा प्रशंसा पत्र प्रदान गर्ने व्यवस्था गरिएको छ ।

### ४.६.१०उपभोक्ता समूह सम्बन्धी व्यवस्था

**१) उपभोक्ता समूह गठन**

लम्की चुहा नगरपालिका र जानकी गाउँपालिका ८५०घरधुरीका सदस्य भएको एक सामुदायिक वन उपभोक्ता समूह गठन गरिएको छ ।

उपभोक्ता समूहको साधारण सभा उपभोक्ता समितिका अध्यक्षले तोकेको समय र स्थानमा वर्षको एक पटक बोलाउने गरिन्छ तर उपभोक्ता समितिलाई साधारण सभाको आवश्यकता महशुस भएमा जुन सुकै बेला पनि उपभोक्ता भेला बोलाउन सक्ने प्रावधान छ ।

उपभोक्ता भेला संचालनका लागि सम्पूर्ण सदस्य संख्याको ३ तिहाई उपस्थित हुनुपर्ने तथा गणपुरक संख्या नपुगेमा त्यसको १५ दिन भित्र पुनः उपभोक्ता भेला गर्ने समय तोक्नु पर्छ ।

समूहको भेलामा कुनै पनि निर्णय सके सम्म सर्वसम्मतिको आधारमा गरिने तथा कुनै पनि निर्णय गर्दा सबै सम्मत हुन नसकमा विधानमा अन्यत्र व्यवस्था भएकोमा बाहेक भेलामा उपस्थित सदस्य संख्याको साधारण बहुमतले गरेको निर्णय सदर गर्ने व्यवस्था छ ।

समूहको २५% घरधुरी सदस्यले कुनै निश्चित विषय तोकी समूहको भेला डाक्ने लिखित रुपमा समिति समक्ष निवेदन दिएमा यसरी निवेदन पर्न आएको ३० दिन भित्र समूहको भेला डाक्ने समितिको कर्तव्य भएको उल्लेख गरिएको छ तर यस्तो भेलामा तोकिएको विषय बाहेक अन्य विषयमा छलफल गर्न नपाइने नियम राखिएको छ ।

### ४.६.११ उपभोक्ता समिति गठन प्रक्रिया

(क) यस सामुदायिक वन उपभोक्ता समूहको दैनिक कार्य सम्पादन गर्न एवं वनको स्विकृत कार्ययोजना कार्यान्वयन गर्न ९ सदस्यीय कार्यकारिणी समिति गठन गरिएको छ जसमा पलदाधिकारीहरुको स्थिति निम्नानुसार रहने व्यवस्था छ ।

| साल | महिला सदस्य | पुरुष सदस्य | महिला नेतृत्व | पुरुष नेतृत्व |
|---|---|---|---|---|
| २०६८ | २ | ७ | X | |
| २०७० | ३ | ६ | X | |
| २०७२ | २ | ७ | X | |
| २०७४ | ४ | ५ | | X |

स्रोतः अध्ययन सर्वेक्षण, २०७४

(ख) उपभोक्ता समूहको भेलाले सकेसम्म सर्वसम्मतिको आधारमा समूहका सम्पूर्ण सदस्यहरु मध्येबाट वन विकास कार्यमा सक्रिय योगदान दिन सक्ने सक्षम, इमान्दार एवं कर्तव्य निष्ठ व्यक्तिलाई समितिमा चयन गर्ने व्यवस्था छ भने सकभर सबै टोलको प्रतिनिधित्व हुने गरी चयन गर्ने जसले गर्दा निर्णयको जानकारी दिन एवं कार्यान्वयन गराउन सकियोस् भनेर यस्तो निर्णय गरिएको छ ।

(ग) समितिका पदाधिकारीहरुको चयन सर्वसम्मतिले नभएमा खुल्ला वा गोप्य मतदान प्रक्रियद्वारा बहुमतको आधारमा गर्ने व्यवस्था छ ।

(घ) निर्वाचनको लागि लब्ध प्रतिष्ठितबाट दुईजना र वन प्राविधिक एकजना संलग्न रहेको तीन सदस्यीय एक निर्वाचन समिति गठन गर्ने र निर्वाचन सम्बन्धी कार्य र प्रक्रिया निर्वाचन समितिले तोके बमोजिम हुने व्यवस्था गरिएको छ ।

(ङ) गठित कार्य समितिका पदाधिकारीको पदावली निर्वाचन भएको मितिले ३ वर्षको हुने व्यवस्था छ ।

(च) बहालवाला कार्यसमितिको पदावधि समाप्त भएको एक महिना भित्र नयाँ कार्य समितिको निर्वाचन गरी सक्नु पर्ने तथा नयाँ कार्य समिति गठन भै कार्यभार नसम्भाले सम्म साविक कै कार्यसमितिले कार्य संचालन गर्ने व्यवस्था छ ।

## २) उपभोक्ता समितिको बैठक

(क) समितिको बैठक २ महिनाको एक पटक हरेक दोस्रो महिनामा अनिवार्य रुपमा बस्ने तर बैठकको आवश्यकता महशुस भएमा जुनसुकै बेला पनि बस्न सक्ने व्यवस्था गरिएको छ ।

(ख) समितिको बैठक बस्नु कम्तिमा एक हप्ता अगाडिनै अध्यक्षले स्वयं वा सचिव मार्फत बैठकमा छलफल गर्ने विषयवस्तु समेत उल्लेख गरी सम्पूर्ण सदस्यलाई लिखित सूचना दिनु पर्ने भनिएको छ भने आवश्यक गणपुरक संख्या २ तिहाई हुनु पर्ने तथा कुनै निश्चित विषयमा छलफल गर्न आवश्यक छ भनि कारण देखाई छलफल गर्नुपर्ने विषयवस्तु खोली समितिका एक चौथाई सदस्यले लिखित रुपमा समितिको बैठक बस्न माग गरेमा त्यस्तो निवेदन दर्ता भएको ७ दिन भित्र समितिको बैठक बोलाउनु पर्ने तर उक्त समयमा तोकिएको विषय बाहेक अन्य विषयमा छलफल गर्न नपाइने तथा समितिको बैठकमा उपस्थित सदस्य संख्याको बहुमतले गरेको निर्णय नै मान्य हुने व्यवस्था गरिएको छ ।

(ग) समस्याहरु : वनको संरक्षणका लागि खासै समस्या नभएता पनि चोरी निकासी नियन्त्रण गर्न कठिनाई भएको । रात्रीको समयमा जंगली जनावर चोरी शिकार नियन्त्रण र पहिचान गर्न कठिन भएको पार्कको व्यवस्थापन गर्न नसकेको, जडिबुटीको पहिचान हुन नसक्नु तथा वर्षादको समयमा बाटोको समस्या मुख्य रुपमा रहेको देखिएको थियो ।

# अध्याय- पाँच

# तथ्यांकको विश्लेषण एवं प्रस्तुतीकरण

## ५.१ अध्ययन क्षेत्रको परिचय

यो सामुदायिक लम्की चुहा नगरपालिका वडा नं. १ र जानकी गाउँपालिकाको वडा नं. ५ र पथ्रेवा गाउँपालिकाका केहि वडाहरु मिलेर बनेको छ । कूल उपभोक्ता सदस्य संख्या घरधुरी ८५० रहेको यस सा.व.उ.स. मा अधिकांशत परिवार राम्रो सामाजिक तथा आर्थिक स्थिति भएका र सरकारी/गैरसरकारी पेशामा लागेका एवं ठेक्का-पट्टा तथा व्यापार व्यवसायमा संलग्न व्यक्तिहरुको बसोबास भएको एउटा राम्रो आवासिय क्षेत्रको रुपमा विकसित भएको क्षेत्र हो ।

लम्की चुहा नगरपालिकाको प्रवेशदारसँग जोडिएर रहेको छ । जुन सामुदायिक वनले गर्दा यो क्षेत्रको चिनारी राम्रो रहेको पाइन्छ । शहर भित्रको अव्यवस्थित बसोबासबाट अलि पर हरियालीको छेउमा बसाई सरेको पनि देखिन्छ भने काम र नोकरीका सिलसिलामा यहाँ आएका व्यक्तिहरु कर्मचारी निर्माण व्यवसायीहरु तथा ठेक्का-पट्टा व्यवसाय गर्ने व्यक्तिहरु यहिँ घरजम गरेर बसेको पाइयो । त्यसैले अन्य बाहिरका टोल र वार्डका व्यक्तिहरु यस टोललाई उच्च र प्रतिष्ठित व्यक्तिहरुको टोल भन्न रुचाएको पाइयो यो अध्ययन समग्रमा भन्दा पनि समूहमा रहेका महिला सदस्यहरुका क्रियाकलापमा केन्द्रित भएको हुँदा कूल महिला सदस्यहरुको सामाजिक आर्थिक स्थिति तथा वन व्यवस्थापनमा सहभागिता बुझ्न विभिन्न विषयहरुको वर्गीकरण र विश्लेषण गरी सत्य तथ्य पत्ता लगाइएको थियो जस्तै जातिका आधारमा सहभागिता, शैक्षिक स्थिति, जग्गा जमिनका आधारमा वर्गीकरण, वस्तु भाउको स्थिति, पेशाको आधारमा जस्ता यिनै विविध आवश्यक विषयहरुको तथ्यांक सहित विश्लेषण गर्ने प्रयास गरिएको छ । जो निम्न प्रकार छन् :

### ५.१.१ समितिमा महिला सहभागिता संख्या

वि.सं. २०५६ मा गठन भएको यस जनकल्याण सा.व.मा. गठित पहिलो कार्य समितिमा ११ जना सदस्यहरु मध्ये ६ जना महिला सदस्यहरु सम्मिलित थिए भने पछिल्ला वर्षहरुमा कार्यसमितिमा महिला सहभागिता घट्दै गएको देखिन्छ । सुरुमा नेतृत्वतहको हाराहारीमा महिलाहरु हुनु तथा महिला वर्गको संख्या समितिमा धेरै भएको हुँदा निर्णय तहमा पहुँच थियो भने आवश्यक सुझाव र सल्लाहहरुको कार्यान्वयन हुने गर्दथ्यो पछि

आएर ०५६/०५७ को अवधिमा समिति भित्र के केहि सदस्यको बदनियत पूर्ण कार्यका कारण समितिका सबै सदस्यले भोग्नु परेको पीडा र मनोमालिन्यले असन्तुष्ट भै समितिमा रहेका सम्पूर्ण महिला सदस्यहरुले विद्रोह गरी राजिनामा दिएर समितिबाट बाहिरिए जस्ले गर्दा समितिबाटै वितृष्णा पैदा हुँदै गयो र अन्तत चासो दिन छोडेको देखिन्छ त्यसपछि समूहका अन्य सदस्यहरुको अनुरोधमा न्यून रुपमा महिला सहभागिता रहेपनि (४ जना पछि २ जना) नेतृत्व तहमा पहुँच हुन सकेन भने सहभागी महिला सदस्यहरु पनि भेलामा उपस्थिति जनाउनमा मात्र समिति भएको देखियो ।

यसरी कम सहभागिता हुनाको प्रमुख कारणमा पुरुष सदस्यहरु बढि जाने बुझेको र बढी शिक्षित हुनु विभिन्न जागिर व्यवसायमा लागेका यस्ता व्यक्तिहरुको समितिमा सहभागिता भएको हुँदा तथा महिलाहरु आफै अशिक्षित बढी भएको कारणबाट पुरुषहरु जान्ने बुझ्ने छन् हामी महिलाहरुले बराबर भाग लिन निर्णय गर्न सक्तैनौ भन्ने हिन भावनाले ग्रसित भएको देखियो र आफ्नो समितिको मिटिङ्गमा भागलिन जान पनि आफूले घरायसी कामले नभ्याएका बेला वा अन्य कामहरु आइपरेका बेला सट्टामा श्रीमानलाई वा अन्य कुनै सदस्यलाई पठाउने गरेको पाइयो । यसले गर्दा समितिमा लिइने महत्वपूर्ण निर्णयहरु, काम कार्यवाहीहरुबाट अनभिज्ञ हुने तथा आफै अनुपस्थित भए पछि गरिएका निर्णय तथा काम प्रति नबुझेपनि सहमति जनाउनु, सन्तुष्ट हुनु पर्ने स्थिति देखा परेका छ भने शैक्षिक स्तर केहि उच्च भएका महिला वर्गले अन्य समस्या तथा रोजगारीका कारण पूरा समय दिन नसक्नु र समितिबाट असन्तुष्ट भै बस्न नचाहनु एकातिर छ भने अर्कोतिर केहि टाठा-बाठा महिलाहरुले समूहका अन्य निरक्षर केहि नजानेका नबुझेका महिलाहरुलाई सिकाउन, बुझाउन पट्टी नलगाएनु, सामुहिक लाभ भन्दा पनि व्यक्ति लाभ तिर आकर्षित हुनु मुख्य समस्याको रुपमा देखा परेको छ जसले गर्दा महिला सहभागिता जुन अनुपातमा हुनु पर्दथ्यो त्यो हुन सकेको देखिँदैन ।

कार्य योजना तथा विधानमा पनि महिला सदस्य चयन गर्न कुनै पनि किसिमका नियमको व्यवस्था नहुनु कतिपय सा.व.हरुमा कोटा प्रणाली र प्रतिशतका आधारमा सहभागिता हुनु पर्ने व्यवस्था गरिएको हुन्छ तर यस सा.व. मा कुनै पनि किसिमको नियम बाँधिएको छैन जसले गर्दा महिला वर्गबाट सहभागी हुनै पर्ने कुनै किसिमको बाध्यात्मक स्थिति रहेको देखिँदैन तर समितिमा बस्न चाहेमा र समूहले निर्णय गरेर समितिमा बस्न सिफारिस गरेमा बस्ने गरेको र पुरुष सदस्यहरुबाट पनि कुनै आपत्ति नभएको देखिन्छ ।

### ५.१.२ वैवाहिक स्थिति

**तालिका नं. ५ : वैवाहिक स्थिति**

| महिला सदस्यहरु | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ३५ | ७० |
| अविवाहित | ५ | १० |
| विधवा/एकल | १० | २० |
| जम्मा | ५० | १०० |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७४

यससामुदायिक वनमा महिलाहरुको सहभागितामा अविवाहित महिलाहरुको संलग्नता थोरै मात्रामा रहेको पाइयो र धेरै मात्रामा विवाहित महिलाहरुको सहभागिता रहेको पाइयो । त्यस्तै एक जना वृद्धावस्थाकी महिला एक्लै बस्ने हुँदा घरधुरीको प्रतिनिधित्व गर्न र अर्को १ जना महिलाको श्रीमान्‌को मृत्यु पछि घरमुलीको हैसियतले समूह सदस्यमा सम्मिलित रहेको पाइयो । यसरी अविवाहित महिलाको संलग्नता कम हुनुमा घरका बुज्रुक र पाका महिलाहरु जो स्थापना समय देखि सदस्यता लिएका छन् उनीहरुनै कायम हुनु एउटा कारण देखिन्छ भने अधिकांशत विवाहपछि बाहिर (टोलबाट) जान सक्ने स्थिति रहेको हुँदा दीर्घकालिन वनको कार्यक्रममा सहभागी गराउँदा कुनै किसिमको असहज परिस्थिति उत्पन्न नहोस् भन्ने सोचले प्राथमिकता लिएको देखिन्छ ।

### ५.१.३ धर्मको आधारमा सहभागिता

**तालिका नं. ६ : धर्मको आधारमा सहभागिता**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ४० | ८० |
| क्रिश्चियन | ५ | १० |
| मुश्लिम | ५ | १० |
| जम्मा | ५० | १०० |

स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण,२०७४

यस टोलीमा बसोबास गर्ने अधिकांश (प्राय सबै) उच्च जातिका (ब्राम्हण, क्षेत्रीहरुको) बसोबास भएको हुँदा धर्मको हिसाबले पनि बाहुल्यता हिन्दु धर्म मान्नेहरुकै रहेको देखिन्छ । ८०प्रतिशत सहभागिता हिन्दु धर्मप्रति आस्था राख्ने वर्गको देखिन्छ भन्ने यस जिल्लाका आदिबासी वर्ग थारु जातिको बसोबास भए पनि उनीहरु पनि हिन्दु धर्म नै मान्ने गर्दछन् तर थारु जातिकाले आफ्नै संस्कृति पछ्याउने गरेको देखिन्छ भने केही मात्रामा मुश्लिम धर्म मान्ने रहेका छन् ।

### ५.१.४ शैक्षिक स्थिति

**तालिका नं.७ : शैक्षिक स्थिति**

| शैक्षिक तह | संख्घया | प्रतिशत |
|---|---|---|
| निरक्षर | १ | २ |
| साधारण लेखपढ | १० | २० |
| माध्यमिक | ९ | १८ |
| एस.एल.सी. | २० | ४० |
| उच्च शिक्षा | १० | २० |
| जम्मा | ५० | १०० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७४

समूहमा महिला सदस्यहरुको शैक्षिक स्थितिमा साधारण लेखपढ गर्न सक्ने महिलाहरुको संख्या२०% देखियो भने लेख्न पढ्न नजान्ने महिला सदस्यहरु पनि २% छन् भने उच्च शिक्षा पाएका महिलाहरको संख्या २०% मात्र देखियो यस तथ्यांकले के देखाउँछ भने महिलाहरु जसले केहि मात्रामा जानेको बुझेका छन् । उनीहरु सहभागितामा उत्साहित भएको देखियो धेरे पढेलेखेका र नपढेका महिलाहरुको सहभागिता कम देखियो । यहि शैक्षिक स्तर अनुसार नै महिलाहरुमा चेतनाको स्तर निर्धारण भएको जसले गर्दा आफ्नो क्षमता अनुसार समूहमा सक्रिय हुने चाहना भएपनि लोक लाज र पुरुष वर्गको अगाडि आफूलाई निम्न ठान्नेकेहि गर्न सकिँदैन भन्ने हिन भावनाले जरा गाडेको कारण अघिसर्न नचाहेर पन्छिन खोज्ने स्थिति देखा परेको पाइयो ।

### ५.१.५पेशाको आधारमा वर्गीकरण

**तालिका नं. ८ : पेशाको आधारमा वर्गीकरण**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| गृहिणी | २७ | ५४ |
| शिक्षण | ४ | ८ |
| नोकरी | १२ | २४ |
| व्यापार | ७ | १४ |
| जम्मा | ५० | १०० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७४

अधिकांशत महिला सदस्यहरु ५० जना मध्ये ५४% गृहिणीहरु छन् भने ४६% अन्य पेशामा संलग्न व्यक्तिहरु छन् । यसरी गृहस्थि चलाउनु पर्ने महिला वर्गलाई घरायसी कामको बढी चापले गर्दा समूहको काममा सहभागी हुन बाधा पुऱ्याउने गरेको तथा समय निकालेर उपस्थिति जनाएता पनि सक्रिय रुपमा लाग्न नसकिएको उनीहरुको धारणा छ भने अन्य पेशाका महिलाहरु आफ्नै व्यस्तताले गर्दा समूहमा ध्यान दिन नसकेको बबताउँदछन् ।

### ५.१.६ उमेरको आधारमा वर्गीकरण

**तालिका नं. ९ : उमेरको आधारमा वर्गीकरण**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| २५-३५ | ३५ | ७० |
| ३५-४५ | १० | २० |
| ४५-५५ | ४ | ८ |
| ५५ देखि माथि | १ | २ |
| जम्मा | ५० | १०० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७४

उमेरका आधारमा महिला सदस्यहरुको विवरण संकलन गर्दा विभिन्न ४ उमेर समूह मा वर्गीकरण गरेको तालिका निर्माण गरी संकलन गरिएको थियो । जसअनुसार सबैभन्दा

बढी संख्या मध्ये उमेर वर्गको २५-३५ वर्ष सम्मका ७० प्रतिशत रहेको पाइयो भने ३५-४५ वर्ष सम्मका २० प्रतिशत रहेको पाइयो । ४५-५५ वर्षसम्मका ८ प्रतिशत र ५५ वर्षभन्दा माथि उमेर समूह २% महिलाहरुको सहभागिता रहेको देखिन्छ भने आउँदा वर्षहरुमा युवा वर्गको सहभागिता बढ्ने संकेत देखा परेको छ । अधिकांशत सदस्यहरु स्थापना कालदेखि नै सम्मिलित हुँदै अहाएको देखिन्छ भने केहि सदस्यहरु अन्य सा.व.स.स सँग नि आवद्ध भएको देखिन्छ बढी उमेर समूहका महिलाहरु केहि निष्कृय रहेको तथा मध्य र युवा उमेर समूहका महिलाहरु केहि बढी मात्रामा जागरुक र केहि गर्नु पर्छ भन्ने भावना भएका पाइयो ।

### ५.१.७ जग्गा/जमिनको आकारका आधारमा वर्गीकरण

**तालिका नं. १० : जग्गा/जमिनको आकारका आधारमा वर्गीकरण**

| परिमाण | संख्या (महिलाहरुको) | प्रतिशत |
|---|---|---|
| ५ कठ्ठा मुनी | ८ | १६ |
| १-२ विगाहा सम्म | १५ | ३० |
| ३-४ विगाहा | १२ | २४ |
| ४ विगाहा माथि | १५ | ३० |
| जम्मा | ५० | १०० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७४

आर्थिक स्तरको आधारमा महिलाहरुको सहभागिता हेर्ने उद्देश्यले विभिन्न चार समूहमा विभाजन गरेको तालिका निर्माण गरी अध्ययन क्षेत्रमा गई तथ्यांक संकलन गरिएको थियो । संकलित तथ्यांक अनुसार निम्न आर्थिक स्थिति (५ कठ्ठा मुनिका) भएका वर्गको महिलाहरुको १६% सहभागिता देखियो भने निम्न मध्यम आर्थिक स्थिति (१-२ विगाहा सम्म) भएका वर्गबाट ३०% सहभागिता देखियो । मध्यम आर्थिक स्थिति (३-४ विगाहासम्म) र उच्च आर्थिक स्थिति (४ विगाहा माथि) वर्गको महिला सहभागिता क्रमशः २४र३०% रहन गएको देखिन्छ ।

यसरी सहभागितामा फरक देखिनुका निम्न कारणहरु लिन सकिन्छ । बढी उच्च वर्गका समुदायमा पुरुष वर्गको आधिपत्य हुनु र समूह सदस्यमा घरधुरीबाट पुरुषको प्रतिनिधित्व बढी मात्रामा हुनु एउटा कारण हो जसले गर्दा महिला वर्ग ओझेलमा परेको

देखिन्छ त्यस्तै अधिकांशत परिवार बसाईसराई गरेर आएको तथा नोकरी पेशा र अन्य व्यवसायका परिवारहरु भएका हुँदा आर्थिक स्थिति मजबुत भएता पनि घर/घडेरी मात्र जोडेर बसेका र अन्य बढी परिमाणमा खेतीपाति गर्ने नगरेको देखिन आयो । जसले गर्दा जमिनको वर्गीकरणको आधारमा सहभागिता एउटा देखिए तापनि व्यवहारमा फरक भएको देखिन्छ ।

### ५.१.८गाईवस्तुको स्थिति

**तालिका नं. ११ः गाईवस्तुको स्थिति**

| वस्तु विवरण | पाल्ने महिला संख्या | घाँसको स्रोत | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सा.व. | रा.व. | निजी स्रोत | |
| गाई/गोरु | १५ जना | | - | | |
| भैसी/रांगा | १० जना | | - | | |
| बाखा | ९ जना | - | - | | |
| कुखुरा | १ जना | - | - | | |
| केहि नपाल्नेहरु | १५ जना | | - | - | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

यस सामुदायिक वन उपभोक्ता समूह सदस्यहरु अधिकांशतका घरमा घरपालुवा जनावरहरु पाल्ने गरेको पाइयो । तिनीहरुका निम्ति आवश्यक घाँस (डालेघाँस, भूई घाँस) आफ्नै सा.व. बाट उपलब्ध गराउने गरेको तथा आफ्नै निजी स्रोत (खेत, बारी) बाट पूरा गर्ने गरेको जानकारी प्राप्त भयो त्यस्तै सा.व. बाट घाँस संकलन गर्न कुनै किसिमको बार-बन्देज तथा शुल्क दिनुपर्ने व्यवस्था नभएकोले आवश्यक परेको बखत कुनै पनि बेला संकलन गर्न सकिने व्यवस्था भएको पाइयो जसले गर्दा सा.व. मा घाँसको यथेष्ट मात्रामा आवश्यकता परिपूर्ति हुन नसकेको देखियो भने कतै आफ्नो असमर्थता र गरिदिने मान्छे नभएका कारण निजी स्रोतमै सीमित भएर वस्तु/भाउ पाल्ने गरेको पाइयो ।

## ५.२ वन व्यवस्थानपमा महिला सहभागिता

वन व्यवस्थापनमा महिला वर्गको भूमिका उल्लेखनीय छ । स्थापनाको समयमा महिला वर्गबाट गरिएको पहल र अथक प्रयासका फलस्वरुप विभिन्न कारणले फडारी

भएका क्षेत्रहरु आज हरा-भरा हुन गएको छ भने वनको हैसियतमा पनि धेरै सुधार आएको छ । यसको समूह सदस्य चयन प्रक्रियामा तथा वनमा गर्नुपर्ने कार्य विभाजनमा महिला र पुरुष सदस्य भनेर छुट्याउने भेदभाव गर्ने गरिँदैन समितिले कार्यहरुको निर्णय गरी समूहलाई अवगत गराउने गर्दछ । भेला बोलाएर वा चौकिदार मार्फत निर्णय गर्नुपर्ने विषयका वा कार्यका बारेमा जानकारी दिने र सूचना प्राप्त भएको थाहा पाउनको निमित्त सदस्यहरुको हस्ताक्षर लिने कार्य गरी सबै सदस्यहरुलाई जानकारी गराउने प्रयास गर्ने गरेको देखिन्छ ।

समूहमा आवद्ध उपभोक्ताहरुलाई पायक पर्ने टोलमिल्ने गरी १४ वटा समूह बनाई वन व्यवस्थापन, संरक्षण कार्य त्यस्तै वन पैदावार निकाल्ने र बाँडफाँड कार्य गर्न सजिलो बनाउने प्रयास स्वरुप यसको थालनी यहि आ.व. ०५९/०६० बाट थालिएको छ भने समितिमा रहेका ११ जना पदाधिकारीहरु प्रत्येक समूह सित सम्बन्धित रहेको देखिन्छ । यसरी ६/६ जनाको समूह निर्माण गर्दा महिला र पुरुषमा कुनै पनि किसिमको भेदभाव गरिँदैन चित्त नबुझेको खण्डमा समितिमा आफ्ना कुरा राख्न सकिने व्यवस्था पनि गरिउको छ । वन व्यवस्थापन सम्बन्धी सबै जसो कार्यमा सदस्यहरको सहभागिता अनिवार्य गरिएको छ अन्यथा उपस्थित नभएमा दिन गन्तिको हिसाबले रु.५० जरिवाना गर्ने व्यवस्था भएको छ ।

**तालिका नं. १२ : आ.व. ०७३/०७४ मा भएका वन व्यवस्थापन कार्य**

| क.सं. | कार्य योजना अनुसार गरिएका कार्यहरु | सम्पन्न कार्य | सम्पन्न हुन नसकेको भए फरक | सुधारका उपायहरु |
|---|---|---|---|---|
| १ | समूहगत वन व्यवस्थापन तालिका | | - | श्रावण २०७३/६/१ मा सम्पन भएको |
| २ | झाडिफडानी, अग्नि रेखा मर्मत | | - | - |
| ३ | पुनः वृक्षारोपण कार्य | | - | - |
| ४ | नर्सरी संचालन | | - | - |
| ५ | जडिबुटी वृक्षारोपण | | - | - |

स्रोतःजनकल्याण सा.व. लेखा परीक्षण आ.व. २०७३/०७४

यस्तो किसिमका वन संरक्षण र व्यवस्थापन कार्य सा.व.को गठन पछि देखिनै निरन्तर रुपमा भै आएको देखिन्छ । वर्षेनी वृक्षारोपण, झाडी सफाई अग्नी रेखा मर्मतमा

महिला पुरुष सबै सदस्यहरुको सहभागिता हुनुपर्ने नियम भएता पनि काम गर्न सक्ने क्षमता सबैमा नभएको हुँदा सट्टामा मजुरी (ज्याला) दिएर मान्छे पठाउने तथा कामदार (ज्याला दिएर) पठाउन नसक्ने सदस्यहरुले आफै श्रमदान गर्ने चलन रहि आएको देखिन्छ भने हाल सालै मात्र गोडमेल, नर्सरी व्यवस्थापन तथा ढलापडा, सुखड सिसौ, खयरका काठ, दाउरा कटानी र ढुवानी गर्दा सम्पूर्ण रुपमा कामदारहरु लगाएर उठेको रकम भागवण्डा गरी प्रति घरधुरी दामाशाही रुपले उठाइयो र लागेको खर्च असुल उपर गरियो भने भाग लगाउँदा पनि सबै भाग लगाएर वन पैदावार बाड्ने काम भयो तर यसरी ज्यालादारी रकम उठाउँदा सबै घरधुरीले उठाउन सक्ने अवस्था रहँदैन यस्तो स्थितिमा रकम तिर्न नसक्ने सदस्यले पैदावार उठाउन्न नसक्ने व्यवस्था रहेको पाइयो ।

यस्तै गरेर महिलाहरुले नियमित रुपमा बोलाइने भेला साधारण सभा आदिमा तथा वन संरक्षण कार्यमा भाग लिने भएता पनि निर्णय क्षमतामा पहुँच भएको पाइएन ।

**तालिका नं. १३ : साधारण सभामा/बोलाएको कार्यक्रममा भाग लिने महिलाहरु**

| भाग लिने संख्या | संख्या | प्रतिशत |
|---|---|---|
| सबै क्रियाकलापमा | ३०जना | ६० |
| केहिमा | १७जना | ३४ |
| कुनैमा पनि नलिएका | ३जना | ६ |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

पूर्ण रुपले सहभागी हुन नसक्नुमा घरायसी कामको चाप, क्षमताको कमी र हिनता बोधले ग्रस्त हुनु मुख्य कारणका रुपमा देखा परे । आफ्ना कुरा समूहमा राख्न, चित्त नबुझेका कुरा सोध्न तथा निर्णय दिनु पर्ने स्थितिहरुमा सक्रियता देखाउन अघि सर्न कोहि पनि देखा पर्न सकेनन् फलस्वरुप समितिका काम कार्यवाहि तथा निर्णयबाट अनभिज्ञ हुने साधारण सभामा नियमित रुपले सहभागी नहुने, कुनै विषयको निर्णय गर्न आवश्यक ठानी बोलाइएका बैठकमा बेवास्ता देखाउने गर्नु या घरका अन्य सदस्य (छोरा, छोरी, श्रीमान् आदि) लाई सट्टाको रुपमा पठाइनु महिला जागरण, सशक्तिकरण र वन व्यवस्थापनमा सहभागिता सम्बन्धी विभिन्न निकाय (सरकारी तथा गैर सरकारी) बाट दिइने तालिममा चयन भएता पनि तालिममा भाग नलिनु वा सट्टामा घरका अन्य सदस्य पठाउनु र फाइदा (

लाभ-खाजा, भत्ता) हुने हुनाले मात्र भाग लिनु अन्य बुझ्ने र सिक्ने चाहनालाई प्राथमिकता नदिइनु जस्ले गर्दा वन व्यवस्थापनमा आफ्नो योगदान दिन सकिँदैन । घरायसी कामलाई महत्व दिएर तथा इच्छा नभएर पनि बैठक, छलफलमा भाग लिन नजानु, काम गर्न जम्मा हुनु पर्ने भेलामा जरिवाना तिर्नुपर्ने बाध्यताले गर्दा उपस्थिति जनाएर (हस्ताक्षर) फेरी देखा नपर्नु जस्ता निष्कृय हुने कार्यले महिलाहरु स्वंयलाई वन सम्बन्धी लिइएका निर्णयहरुका बारेमा अनभिज्ञ हुने र जे-जस्तो कार्य भएता पनि संतुप्टि लिनु पर्ने स्थिति देखा परेको छ । परिवारका पुरुष सदस्यको आवश्यक सहयोग नपाएर तथा समितिका कामबाट असन्तुष्ट भएर पनि उत्साहित हुन नसकेको देखियो । त्यस्तै महिलाले नै महिला माथि शोषण गर्ने गरेको आवाज पनि उठेको पाइयो जस्तै केहि पढे लेखेका तथा सामुदायिक वनको बारेमा बुझेका महिलाहरुबाट नजानेका नबुझेका तथा लेख पढ गर्न नजान्ने महिलाहरुलाई सिकाउन बुझाउनुको सट्टा पूर्वाग्रही भएको र मनपरी रुपले तालिम, गोष्ठिमा पठाउने सिफारिस गर्ने गरेका गुनासाहरु पनि पोखियो ।

## ५.३ महिला सहभागिता बढाउन गरिएका प्रयासहरु

जनकल्याण सामुदायिक वनको स्थापनामा महिलाहरुको अथक प्रयास र योगदान प्रशंसनीय छ । स्थापना काल देखिनै समितिमा उल्लेखनीय रुपमा सहभागिता हुनु तथा समूहको सदस्यतामा पनि उनीहरुको सहभागिता राम्रै भएको देखिन गयो । यी परिणामहरु हेर्दा सामुदायिक वन व्यवस्थापनमा महिलाहरु उत्साहित भएको पाइयो तर विभिन्न कारणहरुले गर्दा विस्तारै उनीहरुको उत्साह सेलाउँदै गएको देखिन्छ । फलस्वरुप समितिमा वस्न हिच्किचाउनु भेलामा सहभागी हुने सदस्य संख्यामा कमि हुँदै जानु समूह, समितिका कार्यमा चासो नराख्ने काम हुँदै गएको देखिएको छ ।

नेपाल सरकारले वन विकास गुरु योजनामा उल्लेख गरे अनुसार महिला वर्गलाई सामुदायिक वनको प्राथमिक उपभोग कर्ताका रुपमा मानयता दिई महिला तथा पिछडिएका र दलित वर्गको सहभागिता र पहुँच नभए सम्म स्थायी र दिगो रुपमा वनको विकास हुन नसक्ने कुरामा जोड दिएको परिप्रेक्ष्यमा यस सा.व. र आसपासका अन्य सा.व. मा महिला सहभागिता र सक्रियता बढाउनुका साथै सामुदायिक वनको उपयोगिता र लाभ सम्बन्धी ज्ञान गराउन तथा महिलाहरुको पनि पुरुष वर्ग जत्तिकै वन संरक्षण व्यवस्थापन र वनपैदावाको उपयोग र उपभोगमा समान हक र अधिकार राख्दछन् भन्ने बुझ्नु भन्ने

उद्देश्यले जिल्ला वन कार्यालय इफा केयर नेपाल वन उपभोक्ता महासंघ आदि सरकारी गैरसरकारी संघ संस्थाहरुबाट बेला बेलामा संचालन हुँदैन आएका तालिम गोष्ठिहरु तथा अध्ययन भ्रमणहरुले महिलाहरुको स्थितिमा सुधार र संख्या बढाउनमा सहयोग गर्दै आएका छन् ।

विशेष गरेर महिलाहरुलाई नै भनेर यस्ता तालिम, कक्षा र गोष्ठिहरु आयोजना गरिने गरेको नभएता पनि समूहबाट भागलिन छानिएर जाने महिला तथा पुरुषहरुले समुहमा आई आफूले जानेका, सिकेका कुराहरु कक्षा लिने तथा साधारण भेलामा प्रस्तुत गर्ने गरेको पाइयो भने यस किसिमको व्यवस्थाले समूहमा उपस्थित सबै सदस्यले पनि जान्ने बुझ्ने मौका पाउने हुँदा यो एउटा राम्रो परिपाटी बसेको देखिन्छ ।

| | | |
|---|---|---|
| महिला वर्ग | ) नेतृत्व तहमा सहभागिता नभएको<br>) निर्णय प्रक्रियामा न्यून सहभागिता<br>) शिक्षा तथा रोजगारीको अवसर नपाउनु | ) चेतनाको कमी<br>) अशिक्षा<br>) समाजमा परम्परागत रुपमा उपेक्षित गरिएको<br>) पुरुषद्वारा हेपिएको<br>) घरायसी कामको बोझ बढी हुनु |

स्रोतः सुशासन तथा पैरवी गोष्ठि प्रतिवेदन,२०७४

हाम्रो (नेपाली) समाजको पारिवारिक संरचना परम्परागत समयदेखि नै पितृसत्तात्मक समाज तथा पुरुष प्रधान संस्कृतिको निर्माण र व्यापक प्रचलन रहिआयो जुन अद्यावधि छँदैछ ।बैदिक काल देखिनै स्त्री जातिलाई दोस्रो दर्जाको नागरिक र शोषित वस्तुको रुपमा लिने परिपाटी परम्परागत रुपमा चलि आइरहेको देखिन्छ । वर्तमान परिप्रेक्ष्यमा विकसित देशहरुमा लैंगिक समानता र नारी स्वतन्त्रताका सवालमा धेरै प्रगतिहरु देखा परेता पनि हाम्रो जस्तो अल्पविकसित देश तथा पुरुष बाहुल्यता भएको संस्कृति र समाजमा समानता र अधिकार प्राप्त गर्नु सहज छैन भने धार्मिक, सामाजिक बन्धनमा बाँधिएका महिलाहरु त्यसमा पनि ग्रामीण परिवेशका महिला समूह आफ्नो हक र अधिकार प्रति सचेत हुन एवं सक्रिय रुपे सामाजिक, वौद्धिक तथा रचनात्मक कार्यमा लाग्न धेरै समय लाग्ने देखिन्छ ।

## ५.४ जिल्ला वन कार्यालयको भूमिका

जिल्ला वन कार्यालय मातहतका ईकाइहरु ईलाका वन कार्यालय र रेञ्ज पोष्टहरु गठन गरिएका हुन्छन् भने सामुदायिक वन उपभोक्ता समूहको प्रत्यक्ष सम्बन्ध तथा सा.व. गठन प्रक्रियाको सुरुवात सम्बन्धित क्षेत्र तोकिएका रेञ्जपोष्टसँग रहने गर्दछ । रेञ्जपोष्ट प्रमुख रेञ्जरले गर्ने कार्यहरुमा उपभोक्ता पहिचान गर्नमा सहयोग गर्ने सम्बन्धित सा.व. को विधान, कार्ययोजना तयार गर्ने, तालिम गोष्ठि आदिका माध्यमबाट उपभोक्तामा जनेचतना अभिवृद्धि गर्ने सा.व.उ.स. को मासिक/आवधिक अनुगमन, कोष संचालन तथा अभिलेख पारदर्शी राख्न सहयोग र अनुगमन, लेखा परीक्षण संचालन गर्नमा सहयोग गर्ने, वन पैदावारको न्यायोचित वितरणका लागि सहयोग तथा विधान कार्य योजनाको वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्न सहयोग गर्ने कार्यहरु गर्ने गर्दछ ।

त्यस्तै इ.व. का ले आफ्ना मातहतका रेञ्जपोष्टहरु परिचालन गर्ने, विधान कार्य योजना स्वीकृतिका लागि सिफारिस गर्ने, इलाका स्तरको योजना तर्जुमा गर्ने, थप प्राविधिकहरु परिचालन गर्ने सा.व.उ.स. को अनुगमन मुल्यांकन गर्ने कार्य गर्दछ भने सा.व.मा आइपरेका समस्या समाधानमा सहयोग, विवाद मिलाउने तथा तालिम र कक्षाहरु संचालन गर्ने गर्दछ ।

जि.व.का. ले विधान कार्ययोजना स्विकृत गर्ने सा.व.उ.स. को क्षमता अभिवृद्धि गराउनका लागि कार्यक्रम छनोट गरी योजना बनाउन सहयोग गर्ने, वृक्षारोपण, भूसंरक्षण तालिम गोष्ठिहरु आयोजना गर्ने समूहको वन पैदावार विक्री वितरण गर्दा पारदर्शिता र क्षमताको अनुगमन गर्ने तथा गैर जिम्मेवार पूर्ण कार्य गर्ने सा.व. विघटन गर्न सक्ने र असल कार्य गर्ने सा.व.लाई पुरस्कारको व्यवस्था गर्न सक्ने अधिकार जि.व.का सँग सुरक्षित रहन्छ । यहि नियम अनुसार विभिन्न समयमा सा.व. ले व्यवस्थापकीय दृष्टिकोणले राम्रो काम गरे वापत प्रथम पुरस्कार जि.व.का. बाट प्राप्त गरेको थियो ।


## ५.५ महिला सहभागितामा देखिएका समस्याहरु

लैंगिक समानताको दृष्टिकोणले हेर्ने हो भने २०४९ मा लागु भएको विद्यमान वन ऐनले ग्रामीण महिलाहरुलाई वन स्रोतको पहिलो उपभोक्ता भनेर पहिचान गरी सामुदायिक वन संरक्षण व्यवस्थापन र उपभोगमा उनीहरुको प्रभावकारी सहभागिता अपरिहार्य भएको

ठहर गरेको भएता पनि सरकारी गैर सरकारी क्षेत्रबाट सामुदायिक सशक्तिकरण र कानुनी चेतनामा उचित सहयोग पुगेका सामुदायिक वनहरु बाहेक, प्रायः जसो सामुदायिक वन समूह र समितिहरुमा महिलाको प्रतिनिधित्व ज्यादै नै न्यून छ भने प्रतिनिधित्व गरी रहेका महिला उपभोक्ताहरु पनि प्रभावकारी रुपमा सा.व. प्रक्रियामा सहभागी हुन सकिरहेका छैनन् । यसरी आशातित रुपमा सहभागिता नहुनुमा निम्न तत्वहरुले प्रभाव पारेको देखियो ।

<u>वन व्यवस्थापनमा महिला सहभागिता</u>

<u>सहभागितामा कमी ल्याउने तत्वहरु</u>




सहभागिता अभिवृद्धि गर्ने उपायहरु

### ५.५.१ आत्मविश्वासमा कमी

जनकल्याण सा.व. मा बसोबास गर्ने अधिकांश उपभोक्ता सदस्य घरधुरी राम्रो आर्थिक, सामाजिक अवस्थामा रहेका साथै पढेलेखेका र नेपाल सरकार गैर सरकारी संस्था तथा निर्माण व्यवसाय र ठेक्का पट्टामा लागेको पाइयो । यसरी समितिमा, समूह सदस्यमा उच्च स्तरको शैक्षिक स्थिति भएका पुरुष सदस्यहरुको बाहुल्यता हुनुले गर्दा अशिक्षित, न्यून रुपमा शिक्षित महिलाहरु सहभागी हुन हिच्किचाएको र हामी (महिला) भन्दा पुरुषहरुनै धेरै जाने बुझेका छन् त्यसैले हामी किन अघि सर्नु पर्‍यो उनीहरु (पुरुष) ले जे गर्छन् गरुन् भन्ने भावनाको प्रधानताले गर्दा हतोत्साहि हुने र आत्मविश्वास गुमाउँदै गएको देखियो ।

### ५.५.२ पुरुष वर्गको बाहुल्यता

परम्परागत रुपमा रहिआएको पुरुष वर्गको वर्चश्व यहाँ पनि कायम नै रहेको देखिन्छ ।अधिकांश पुरुषहरु उच्च शिक्षित र नोकरी पेशा हुनु तथा नीत नियमका सम्बन्धमा पूर्ण रुपले जानकारी प्राप्त हुनाले समिति र समूहमा सहभागिता बढी पुरुष वर्ग कै हुनु जस्ले गर्दा वन पैदावार बाँडफाँडमा पनि पुरुष वर्गलाई नै प्राथमिकता दिइनु महिलाहरुलाई समूहको साधारण सभा तथा अन्य वन संरक्षण तथा व्यवस्थापनका क्रियाकलापहरुमा भाग लिन जान सधैं अनुमति नदिइनु, महिलाको सहभागिताले के हुन्छ र ? भन्ने प्रश्न तेरस्याएर हतोत्साहि गरिनु एवं घरको कार्य सम्पूर्ण रुपले महिलाले हेर्नु पर्ने हुँदा पुरुष सदस्यको असहयोगी भावनाले गर्दा समय निकाल्न नसक्नु आदि समस्याहरु देखिएका छन् ।

### ५.५.३ संस्थागत रुपमा समर्थनको कमी

यस क्षेत्रमा संचालित सा.व. हरुमा विभिन्न निकायहरु सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट विशेष रुपले महिलाहरुकै लागि भनेर कार्यक्रमहरु तर्जुमा गर्ने गरिएको देखिँदैन भने सीमित मात्रामा संचालित महिला सशक्तिकरण तथा सक्रिय सहभागिताको प्रयासहरु पर्याप्त मात्रामा भएको पाइदैन । जतिपनि तालिम, गोष्ठिहरु संचालन गरिन्छन् ती कार्यहरुको कार्यान्वयन पनि व्यवहारिक रुपमा भएको पाइदैन भने जिम्मेवार निकायहरुले पनि अनिवार्य रुपमा महिलाहरुलाई उत्साहित गराउन समिति र समूहलाई निर्देशन, अनुगमन र मूल्यांकनमा बेवास्ता गरेको देखिन्छ । त्यस्तै कानुनी रुपले लैंगिक समानत, अधिकारमा समानता तथा नेतृत्वमा पहुँच हुनु पर्ने प्रावधान रहेता पनि सशक्त रुपमा पहल गरेको पाइएन ।

## ५.६ अन्य व्यवहारिक कठिनाइहरु

### ५.६.१ समयको कमी/प्रतिकुल परिस्थिति

ग्रामीण जनजीवनमा घर व्यवहारका सम्पूर्ण क्रियाकलापमा महिलाहरुको प्रमुख भूमिका रहने गर्दछ । घरभित्रको काम भात भान्सा देखि लिएर, वस्तु भाउको रेख देख, खेततिपाती सम्बन्धी सम्पूर्ण कार्यहरु हेर्नु पर्ने हुँदा अत्याधिक कामको चापले गर्दा बोलाइएको समयमा आफ्नै जरुरी काममा व्यस्त हुनु पर्ने बाध्यता सृजना हुन सक्ने परिवारका अन्य पुरुष सदस्यको सहयोग र समर्थन न्यून रुपमा वा हुँदै नहुने तथा सभा वा

अन्य क्रियाकलापमा सहभागी हुन अलि बढी समय दिनुपर्ने हुनाले महिलाहरु आफै पनि जान नचाहनु जस्ता समस्याहरु भएको देखियो ।

### ५.६.२ लैंगिक असमानता

अन्य क्षेत्रमा जस्तै यस क्षेत्रमा पनि सा.व. सम्बन्धी क्रियाकलापमा पुरुष सदस्यहरुका निर्णयमै कार्यान्वयन हुने गरेको पाइयो । समितिमा समूहका भेलामा कतिपय कुराहरु एकतर्फी रुपमा निर्णय लिइने र केबल जानकारी मात्र गराउने अन्य परामर्श तथा राय सुझाव सुनेता पनि त्यसको कार्यान्वयन नगर्ने गरेको र यस्तो व्यवहारले गर्दा समितिमा रहेका दुई जना महिला सदस्यहरु पनि आफ्नो इच्छाले बस्न नचाहेको तर अनुरोधमा बसेको धारण व्यक्त गर्छन् भने महिलाहरु उपभोक्ता सदस्य रहेता पनि समितिले गर्ने गरेका निर्णयहरुको पूर्ण रुपमा जानकारी प्राप्त गर्न नसकेको तथा काम कार्यवाही सम्बन्धी जानकारी नपाउने गरेको बताए भने उनीहरुको भित्री इच्छा सा.व. महिलाहरुले चलाए हुन्थ्यो भन्ने रहेको बताए ।

यस्ता किसिमका समस्याहरु महिला सदस्य मात्र भएका सा.व. हरु भन्दा मिश्रित सा.व. हरुमा प्रायः सबै ठाउँमा रहेको पाइन्छ । लैंगिक विभेदले गर्दा महिला पुरुष बीच वन संरक्षण र व्यवस्थापन सम्बन्धी ज्ञान र सिप पनि समान रुपमा हुँदैन त्यसैले गर्दा एकातिर महिलाहरुलाई वन संरक्षणका लागि तय भएका नीति नियमहरु थाहा नहुँदा त्यसको परिपालन प्रभावकारी हुँदैन भने अर्कोतिर वन संरक्षण र व्यवस्थापन सम्बन्धी उनीहरुसँग भएको ज्ञान र सिपको उचित सदुपयोग गर्नबाट वन समूह बञ्चित हुन्छ ।

# अध्याय- छ
# सारांश र निष्कर्ष

## ६.१ सारांश

वन एउटा महत्वपूर्ण प्राकृतिक सम्पदा हो यसले ग्रामीण परिवेशका व्यक्तिहरुसँग घनिष्ट सम्बन्ध राख्तछ भने पर्यावरण तथा वातावरणको सन्तुलन बनाई राख्न अहम् भूमिका खेल्दछ । हाम्रो जस्तो गाउँनै गाउँ मिलेर बनेको तथा कृषिमा आधारित अर्थतन्त्र भएको देशमा वनको सर्वोपरी महत्व रहन्छ परापूर्वकाल देखिनै कृषि वन तथा खेतिका बिच त्रिकोणात्मक सम्बन्ध रहि आएको देखिन्छ । ग्रामीण समाजमा दैनिक आवश्यक वस्तु वन पैदावाहरु वनबाटै पूर्ति हुँदै आइरहेका छन् भने इन्धनको साथ साथै आर्थिक उपार्जनको माध्यमका रुपमा पनि वनमै आश्रित रहेको देखिन्छ ।

यसरी मानव उत्पत्ति देखिनै मानिस र वन जंगलको सम्बन्ध अटुट रुपमा रहि आएको छ । कुनै समयमा विश्व स्तरमै वन जंगल जति मासे पनि नसिद्धिने सोच रहेकामा वर्तमान स्थितिसम्म आइपुग्दा वन जंगलको अवस्था लोपोन्मुख हुँदै गएको तथा समयमै पहल नगर्ने हो भने भावी पुस्ताहरुको भविष्य संकटमा पर्ने स्थिति नआउला भन्न सकिने अवस्था छैन ।

नेपालको सन्दर्भमा पनि कुनै समयमा “हरियो वन नेपालको धन” भन्ने उखान किताबमा मात्र सीमित हुने अवस्था नहोला भन्न सकिन्न । केहि समय अघिसम्म ४५% रहेको तथ्यांक हाल आएर २९% मा झरेको देखिनु तथा एउटा देशको वातावरण स्वस्थ र स्वच्छ रहन कम्तिमा २०% जंगल क्षेत्र हुनै पर्ने प्रावधानले गर्दा अझै पनि संरक्षण र व्यवस्थापनमा ध्यान दिन सकेको खण्डमा वन विनाशको क्रमलाई रोक्न र पुनः वन पैदावारको उपयोग गर्न सकिनेछ यहि कुरालाई मनन् गरेर वि.सं. २०१३ सालमा निजिवन राष्ट्रियकरण ऐन लागु गरियो तर आशातित रुपमा सफलता प्राप्त हुनुको सट्टा वन विनाशको क्रम क्रमशः बढ्दै गई विकराल रुप धारण गऱ्यो यस कार्यक्रमको असफलता पश्चात कुनै पनि विकासका योजना वा कार्यक्रम स्थानीय समुदायको पहल र सहयोग विना सफल हुन सक्तैन भन्ने विचारको जन्म भयो फलस्वरुप सन् १९८० को दशक देखि जनता केन्द्रित अवधारणाको विकास र अनुशरण भयो जस अनुसार जनतालाई नै विकासको

आधार मानेर वन सम्पदा संरक्षण व्यवस्थापन र उपयोग जनताले नै गर्ने गरी सामुदायिक वन अवधारणाको रणनीति तयार भयो र त्यसै अनुरुप नेपाल सरकारले २० वर्षे वन विकास गुरुयोजना सन् १९८९ लागु पऱ्यो जुन वर्तमान समयमा सफलतम कार्यक्रमको रुपमा स्थापित भइसकेको छ भने देशका प्राथमिक विषयका रुपमा पनि सामुदायिक वनको अवधारणालाई लिइन्छ । स्मरणीय रहोस् वन विकास गुरु योजनाको निर्माण र कार्यान्वयन गर्ने एशियाका देशहरु मध्ये नेपाल मात्र हो ।

त्यस्तै गरेर वन ऐन २०४९ र वन नियमावली २०५१ ले सामुदायिक वनको अवधारणालाई कानुनी आधार प्रदान गरेको छ यस प्रकार वन जंगलमा समुदायको सहभागितालाई वास्तविक उपयोगको आधारमा संलग्न गराइने अवधारणालाई अगाडि बढाए पछि सा.व. विकास कार्यक्रमले देशभरी अभियानका रुपमा अग्रगति पाएको थियो जुन अद्यावधि छँदैछ ।

परम्परागत रुपमा ग्रामीण जनजीवनमा महिलाहरुको वन जंगलसँग प्रत्यक्ष सम्बन्ध रहि आएको छ भने वन विकास गुरुयोजनाले महिला वर्ग लाइनै वनको प्राथमिक उपयोग कर्ता मानेको तथा जबसम्म समाजका पिछडिएका तथा दलित र महिला वर्गको सहभागिता र पहुँच सामुदायिक वनमा हुँदैन तबसम्म सा.व. ले पूर्ण रुपमा विकसित हुने अवसर पाउँदैन भन्ने धारणा राख्तछ । फलस्वरुप वन उपभोक्ता समितिमा एक तिहाई महिला सहभागिता हुनु पर्ने नियम वन विकास गुरुयोजना २०४४ ले निर्देशित गरेको छ । आज आएर सा.व. मा महिला सहभागिता तथा महिलाहरुद्वारा संचालित सा.व. हरु धेरै संचालनमा छन् ।

यो अध्ययन कैलाली जिल्लामा अवस्थित जनकल्याण सा.व. मा गरिएको थियो भने यि विभिन्न समस्याहरुको समाधान खोज्न अध्ययन गरिएको थियो ।

- सा.व. व्यवस्थापनमा महिला सहभागितामा वृद्धि कसरी गर्न सकिन्छ ?
- समाजका महिला उपभोक्ताहरुलाई कसरी सा.व. विकास कार्यक्रमको कार्यान्वयन तथा उपभोग गराउन सकिन्छ ?

- सा.व. को व्यवस्थापन तथा निर्णय तहमा कसरी महिला तथा अन्य पिछडिएका वर्गहरुको पहुँच गराउन सकिन्छ ?
- परम्परागत संरक्षणका साथै वैज्ञानिक तवरले वन संरक्षण र व्यवस्थापन सम्बन्धी कसरी ज्ञान दिन सकिन्छ ? भन्ने समस्याहरुको उत्तर खोज्ने प्रयास स्वरुप निम्न उद्देश्यहरु निर्माण गरिएको थियो ।

सामान्यतया सा.व. व्यवस्थापनमा महिलाहरुको सहभागिता तथा कार्यान्वयनमा उनीहरुको भूमिका अध्ययन गरिएको थियो भने विशिष्ट उद्देश्यहरु निम्न प्रकार थियो ।

- वन व्यवस्थापनमा महिलाहरुको सहभागिता
- निर्णय तहमा महिला वर्गको पहुँचको अध्ययन
- महिला सहभागिता प्रति घर परिवार र समाजको दृष्टिकोण

यो अध्ययन सुदुरपश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत कैलाली जिल्लाको जनकल्याण सा.व. मा गरिएको थियो । अध्ययन गर्नुको औचित्यमा यस क्षेत्रमा सा.व. मा महिला सहभागिता सम्बन्धी कुनै किसिमको अध्ययन नगरिउको तथा अनुसन्धानकर्तालाई पायक पर्ने हुँदा अध्ययन क्षेत्र तोकेर विभिन्न विषयहरुमा अध्ययन गरिएको थियो ।

जनकल्याण सामुदायिक वन लम्की चुहा न.पा. वडा नं. १ मा अवस्थित ८५० हेक्टर जीन क्षेत्रफल भएको वन हो यसको हस्तान्तरण वि.सं. २०६३ सालमा भएको थियो, सुरुमा प्रायः नांगो डाँडा भादा नदीको कटान र उच्च जनसंख्या वृद्धिको चापले गर्दा बढ्दै गएको जन दवाव र चोरी निकासी जस्ता समस्याहरुको गर्दा जि.व. का बाट वन संरक्षण गर्ने असम्भव भएकाले स्थानीय समुदायका व्यक्तिहरुको रेखदेख र निगरानीमा छोडिएकोमा वाहस्तान्तरण गरिएको हो हाल आएर वनको स्थितिमा निकै नै सुधार आएको छ भने सा.व.ले वर्तमान समयसम्म आईपुग्दा विभिन्न कार्यहरु गर्दै आफुलाई एउटा स्थापित सा.व.को रुपमा परिचय कायम गर्न सकेको पाइयो । समूहको आफ्नै पक्कि भवन छ जहाँ कार्यालय र ठूलो हलको निर्माण गरिएको छ, हल आफ्नो प्रयोगका साथै अन्य कार्यक्रमहरु संचालन गर्न भाडामा दिएर अतिरिक्त आम्दानी गर्ने गरेको देखिन्छ । जनकल्याण सा.व.स.स.ले वन संरक्षण तथा वन व्यवस्थापनका लागि निम्न नियमहरुको व्यवस्था गरेको छ ।

- वृक्षारोपण, गोडमेल, वन पैदावार संकलन, हाँगा छटनी, जडिबुटी संकलन तथा नर्सरी स्थापना गर्न समय निश्चित गरी समूह सदस्यहरुलाई चौकिदार वन अन्य स्रोत मार्फत जानकारी दिइन्छ ।
- जानकारी प्राप्त सदस्यहरुले अनिवार्य उपस्थित हुनु पर्ने अन्यथा अनुपस्थित दिनको जरिवाना रु.५० कायम गरिएको छ ।
- यस्ता कार्यहरुमा अधिकांशत रुपमा ज्यालादारीमा कामदारहरु पठाउने गरिएको ज्याला प्रत्येक घरधुरीले छुट्टाछुट्टै तिर्ने गरिएको वा ढलापडा संकलन गरी रुख कटानी ढुवानी गर्न लेवरहरुको व्यवस्था गरी पर्न आएको सम्पूर्ण खर्चको हिसाब-किताब गरी दामाशाही रुपमा प्रत्येक घरधुरीबाट उसुल उपर गरी लिने व्यवस्था भएको देखिन्छ ।
- वनको संरक्षण र रेखदेखको जिम्मा पूर्णरुपमा सा.व. को रहेता पनि सा.व. नियमित रेखदेखका लागि एकजना चौकिदार राखिएको छ भने समितिका पदाधिकारीहरुले पनि अनुगमन गर्ने गरेको देखिन्छ ।
- वनको संरक्षणका निमित्त आवश्यक उपायहरु पनि अपनाइएका छन् । जस्तैः वन अतिक्रमण रोकथाम गर्न तथा सिमाना छुट्याउने उद्देश्यले वनको केहि भागमा खाडल खनिएका छन् भने वनको सबैतिर बाटोहरु बनाइएका छन् भने आवादी जग्गासँग जोडिएका वनक्षेत्रलाई मिच्ने प्रवृत्ति निरुत्साहित गर्ने कडा निगरानी राख्ने गरेको देखिन्छ । त्यस्तै गरेर अग्निरेखा निर्माण र पुनः मर्मत वर्षेनी गर्ने गरिन्छ ।
- वन पैदावारको चोरी, निकासी तथा वन्य जन्तुका चोरी शिकार नियन्त्रण गर्न वन हेरालुको व्यवस्था गर्नुका साथै सो को रोकथामका लागि समिति तथा जि.व.का. बाट पनि गस्ति र रेखदेख हुने गरेको देखिन्छ ।
- यस सा.व. मा चरिचरण गर्न मनाहि गरिएको तथा कसैका वस्तु भाउहरुले प्रवेश गरेको पाइएमा पक्रेर कान्जी हाउसमा राख्ने तथा वस्तुको जात हेरी नियम अनुसार तोकिएको शुल्क लिएर छोडिने व्यवस्था गरिएको पाइयो ।

- विना इजाजत कोहि कसैले काठ काट्न नपाउने तथा कसैले काटिहालेमा विगो र हात हतियार साधन समेत जफत गरी परिमाण हेरी रु.१०० देखि १,००० सम्म जरिवना गर्ने व्यवस्था गरिएको पाइयो ।
- यस सा.व.उ.स. को निर्णय विना वा विना इजाजत कोहि कसैले दाउरा संकलन तथा कटानी गर्न नपाउने तर कसैले काटेमा वा संकलन गरी लगेमा समूहको निर्णय बमोजिम विगो सहित रु.२५ देखि ५०० सम्म जरिवाना गर्ने व्यवस्था गरिएको छ ।
- डाले घाँस र भूइ घाँस संकलन गर्न समूहको इजाजत विना संकलन गरेमा विगो समेत रु२५ जरिवाना गर्ने व्यवस्था गरिएता पनि समूह सदस्यहरुका लागि कुनै किसिमको बार बन्देज नगरिकन चाहेको बखत कुनै पनि समयमा संकलन गर्न सक्ने व्यवस्था छ भने समूह बाहिरका व्यक्तिहरुका निमित्त यस्तो सुविधा निषेध गरिएको छ ।
- विरुवाहरु तथा वृक्षारोपण गरेका ठाउँमा कसैले हानी नोक्सानी गरेमा वा मासेमा रु.५० देखि १०० सम्म जरिवाना गर्ने व्यवस्था गरिएको तथा आगजनी गरेको गराएको ठहर भएमा भएको क्षतिको मूल्यांकन गरी विगो कायम गर्ने तथा विगो बमोजिम असुल उपर गर्ने व्यवस्था भएको छ ।
- सा.व. भित्र अपराध गरेमा (चोरी, निकासी, शिकार) अपराधिलाई पक्राउ गरी सबुत प्माण सहित समूहमा वा समितिमा पेश गरेमा सो अपराधिबाट दण्ड जरिवाना स्वरुप प्राप्त भएको रकमको २५% रकम पुरसकार स्वरुप उक्त व्यक्तिलाई दिने व्यवस्था गरिएको तथा सा.व. व्यवस्थामा उल्लेखनीय रुपले सहयोग गर्ने व्यक्तिलाई वा वन प्राविधिकलाई पनि पुरस्कारको व्यवस्था गरिएको छ भने लगनशील भै सराहनिय काम गर्ने उपभोक्ता समूह सदस्यलाई पनि हौसला बढाउन यस्तो पुरस्कारको व्यवस्था गरिएको र हालसम्म ३ जना उपभोक्ता १ जना वन प्राविधिक तथा २ जना सबूत सहित बुझाउने व्यक्तिलाई पुरस्कार वितरण गरी सकिएको बुझिन आएको छ ।
- अध्ययनको उद्देश्य यस सा.व. मा महिला सदस्यहरुको सहभागिता व्यवस्थापनमा भूमिका तथा नेतृत्व तहमा पहुँचमा केन्द्रित रही अध्ययन गरिएको थियो जसअनुसार अध्ययन क्षेत्रका महिला उपभोक्ता समूह

सदस्यहरुलाई समेटेर उनीहरुका सम्पूर्ण पक्षको अध्ययन गर्ने प्रयास गरिउको थियो ।

- उपभोक्ता समूह सदस्यमा महिलाहरुको सहभागिता कूल घरधुरी सदस्य संख्या मध्ये ५० जना रहेको पाइयो ।
- महिला सहभागितामा अविवाहित महिलाहरुको सहभागिता देखिएन भने विवाहित महिलो तथा एकल महिलाले भने भाग लिएको पाइयो ।
- पारिवारिक संरचनामा एकात्मक परिवाररसंयुक्त परिवारको सहभागिता देखियो ।
- धर्मको आधारमा हिन्दु धर्म र अन्यधर्मको सहभागिता भएको देखिन्छ ।
- महिला सदस्यहरुको शैक्षिक स्थितिमा सबैभन्दा बढी विद्यालय स्तरको शिक्षा धेरै रहेको पाइयो भने एस.एल.सी. र उच्च शिक्षा प्राप्त महिला संख्या पनि धेरै रहेको पाइयो ।
- धेरैजसो महिला संख्या पूर्ण रुपले गृहिणी रहेको पाइयो ।
- उमेरको हिसाबले सबैभन्दा बढी प्रतिनिधित्व मध्ये उमेर समूह अर्थात ३५-४५ वर्ष उमेर समूहको रहेको पाइयो ।
- वन व्यवस्थापनका प्रत्येक कार्यहरु बैठकमा भाग लिने, तालिममा भाग लिने, झाडिफडानी, अग्नीरेखा मर्मत, वृक्षारोपण नर्सरी संचालन तथा जडिबुटी वृक्षारोपण र संकलन कार्यमा निम्न रुपले सहभागिता भएको पाइयो । सबै क्रियाकलापमा भाग लिने भने कम मात्र पाइयो ।
- महिला सहभागिता बढाउन गरिएका प्रयासहरुमा समूह स्वयंले आंशिक रुपमा भएपनि प्रौढ शिक्षा कक्षा संचालन गरेर महिला सदस्यहरुलाई शिक्षित बनाउने प्रयास गरिएको पाइयो ।
- यस क्षेत्रमा कार्य गर्ने विभिन्न सरकारी/गैर सरकारी संघ संस्थाहरु जिल्ला वन कार्यालय, वन उपभोक्ता समूह महासंघ आदि निकायहरुले समयसमयमा तालिम, सेमिनार, गोष्ठि तथा अध्ययन भ्रमण संचालन गर्दै गराउँदै आएको र आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्दै आएको पाइयो ।

- महिला सहभागिताको संख्यामा आनुपातिक रुपले वृद्धि हुँदै जानुपर्नेमा घट्दै जानु यस सा.व. को समस्या देखिन जान्छ भने यसरी घट्नुको कारणहरु निम्न प्रकार रहेको पाइयो ।
  - आत्मविश्वासमा कमी ।
  - पुरुष वर्गको बाहुल्यता ।
  - संस्थागत रुपमा समर्थनको कमी ।
  - निश्चित नियमको व्यवस्था नहुनु ।
  - समयको कमी र प्रतिकुल नहुनु ।
  - समिति भित्रको खट्-पट् ।
  - लैंगिक असमानता ।

यिनै समस्याहरु प्रमुख रुपमा देखा परेका पाइयो ।

सामुदायिक वनमा महिलाको पहुँचका लागि निम्न कुराहरु गर्न आवश्यक छ :

- सामुदायिक वनमा आश्रित हुने महिलाको लागि कानूनमा उनीहरुले उपभोग गर्न पाउने अधिकारको बारेमा लेखिनु पर्‍यो ।
- सामुदायिक वनको अहिलेको संशोधन ऐनले सामुदायिक वनमा आश्रितहरुलाई गरिबमुखि कार्यक्रमहरु ल्याइएको छ । त्यसको कार्यान्वयन उउचित रुपले हुनु पर्‍यो ।
- सामुदायिक वनमा महिलाको प्रतिनिधित्व कम्तीमा ५० प्रतिशत हुनु पर्‍यो ।
- सामुदायिक वनका लागि सरकारले नयाँ कार्यक्रमहरु ल्याउनु पर्‍यो ।

## ६.२ निष्कर्ष

यस सा.व. मा उपभोक्ता सदस्यमा महिलाहरुको सहभागिता तथा नेतृत्व तहमा पहुँच आशातित रुपमा हुन नसकेको पाइयो । सा.व. स्थापना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने महिला वर्गको निमित्त कुनै किसिमको सुविधा नहुनु, समितिमा भागलिन पाउने नियमको व्यवस्था नगरिनु तथा कुनै किसिमको कोटा वा प्रतिशतको उल्लेख विधान कार्ययोजनामा कतै नगरिनु र समितिमा महिला सदस्य संख्या बढाउन पहल नगरिएको पाइयो भने समूहका महिला सदस्यहरुलाई समितिबाट भएका निर्णयका जानकारी मात्र गराइने सहभागी गराउन कुनै किसिमको चासो नराख्ने गरेको पाइयो । त्यस्तै गरेर घरायसी

काममा वा व्यवहार मिलाइदिएर पुरुष सदस्यहरुले सहयोग गरिदिने नगरेको तथा कतिपय महिलारुका परिवारबाटै जान पर्दैन भनेर भाग लिन जान नदिने, हतोत्साहित गर्ने र तिमी गएर के हुन्छ र ? भनेर मानसिक रुपले दवाव पार्ने जस्ता कार्य गर्ने गरेको जानकारी प्राप्त भयो ।

कतिपय ठाउँमा महिलाहरु स्वयं पनि अघि बढ्न नचाहेको पाइयो कारण अशिक्षित र अल्पशिक्षित हुनु वन संरक्षण र वन व्यवस्थापन सम्बन्धी पूर्ण ज्ञान नहुनु तथा सा.व. गठन यस भित्रका काम कर्तव्य अधिकार निर्णय तथा कार्यान्वयन प्रक्रियाका बारेमा जानकारी नहुनु एवं उच्च शिक्षित र नोकरी तथा व्यवसायमा संलग्न पुरुष सदस्यहरु जसलार्इ सम्पूर्ण नीति नियमहरुको पूर्ण ज्ञान प्राप्त छ उनीहरु भएको कार्य समितिमा सिमित ज्ञान तथा न्यून शैक्षिक स्तरले गर्दा हिनता बोधले ग्रसित हुनु र उनीहरु (पुरुष वर्ग) नै जेसुकै गरुन् भन्ने भावनाले प्रश्रय पाएको देखिन्छ फलस्वरुप अनुरोध गरिएता पनि तर्किने तथा अगाडि आउन चाहेको देखियो ।

त्यस्तै समितिभित्र भएको खटपट र मनोमालिन्यले गर्दा समितिका सबै महिला पदाधिकारीहरुले राजिनामा दिएर बाहिरिए पछि समितिले गर्ने राम्रा नराम्रा कार्यहरुमा मुछिनु पर्ने भयले गर्दा पनि सम्मिलित हुन नचाहेको देखिन्छ भने उपभोक्ता समूह सदस्य महिलाहरुमा चेतनाको कमी र घर व्यवहारको अत्याधिक चापले गर्दा बोलाइएको समयमा आफ्नै कामले व्यस्त भएर जान नपाउनु गैहाले पनि केवल हाजिरी जनाएर फुत्किन खोज्नु, उपस्थित भएपनि निष्कृय सहभागिता जनाउनु छिटपुट रुपमा कहिले उपस्थित हुने कहिले नहुने गर्नु, तथा परामर्श तहमा मात्र सहभागी हुनु आफ्ना विचार कार्यान्वयन गराउन नसक्नु जस्ता समस्या एकातिर देखिन्छन् भने अर्कोतिर तालिम, गोष्ठिमा भाग लिन समूहले छनोट गरेको स्थितिमा तथा आफूले फूसर्द नपाएको समयमा भत्ता पाउने लोभले मात्र भएपनि आफू जान असमर्थन भएमा सट्टामा श्रीमान् छोरा, छोरी वा अन्य सदस्य जसले तालिम गोष्ठिबाट उचित लाभ र प्रयोग गर्ने चासो हुँदैन उनीहरुलाई पठाउने गरेको पाइयो । यसरी महिलाहरु आफ्नै कारणले पछि पर्दै आइरहेको देखिन्छ भने जान्ने, बुझ्ने चाहनामा कमीका कारण विभिन्न बाहाना बनाएर तर्किने गरेको पाइयो भने केहि जाने बुझेका महिलाहरु पनि कुनै किसिमको समस्यामा वा विवादमा पर्न नचाहने तथा आफ्नै कार्य व्यस्तताले गर्दा पनि अनिच्छुक भएको पाइयो ।

# सन्दर्भ सामग्री


चौलागाई, तिलक तथा सिवाकोटी, गोपाल (२०५०), अनुसन्धान परिचय, काठमाडौं ।

जनकल्याण सामुदायिक वन उपभोक्ता समुह जनकल्याण सा.व. कार्ययोजना (२०६५/०६६) ।

जिल्ला वन कार्यालय कैलाली (२०५७), वार्षिक प्रतिवेदन, कैलाली जिल्ला वन कार्यालय ।

वन विभाग (२०६७), नेपालको वन, काठमाडौं : वन विभाग ।

पौडेल, ना.प. (२०६४), नेपालको भूगोल, काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

यादव, वि.कु. (२०७०), वन रक्षक दिग्दर्शन, काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

राई, विमला (२०५९), सामुदायिक वनमा लैंगिक समानताको सवाल, हाम्रो वन सम्पदा, २०५९, अंक १ ।

वन तथा भू-संरक्षण मन्त्रालय वन ऐन २०४९ तथा वन नियमावली २०५१, काठमाडौं : वन तथा भू-संरक्षण मन्त्रालय ।

वन विभाग (२०५८), वन डायरी, काठमाडौं : सामुदायिक वन विभाग ।

शर्मा, अर्जुन राज (२०५९), सामुदायिक वन विकास कार्यक्रम "हाम्रो वन", काठमाडौं : श्री ५ को सरकार वन तथा भू-संरक्षण मन्त्रालय वन विभाग बबरमहल।

सामुदायिक वन विभाग (२०६७), काठमाडौं : कैलाली जिल्लाका सामुदायिक वनहरुको विवरण।

Chhetri, G. and Rana, S. (1995). *A Gender Analysis of Womans Partner in C.F. Nepal.* Austriala : COF Project Discussion Paper.

Gurung, R. (1991). *Womens Participation in Community Forest Management A Case Study of Chulaban Deural*, Dhankuta.

Jha, G.B. (1998). *Community Forest Management by Forest User Grouping in Ramechhap District* (Unpublished M.Sc. Thesis) University of the Philippines Facult of Graduilate School, LOSBANOS.

Sharma, C.K. (1987). *Natural REsources of Nepal.*Calcutta : M. Namana Printing Works.

Singh, R. (1996). *A Study of Western Nepal Community Forst in Dhankuta District* (Unpublished MA Thesis) T.U., CDECON, Kathmandu.

## प्रश्नावली

१. घरधुरी सर्वेक्षणका लागि तयार पा श्नावली

जिल्ला :-

वडा नं.:-

घरमुलीको नाम :- ठेगाना :-

प्रतिनिधिको नाम :- पेशा :-

उमेर :- थर/जात :-

शिक्षा :- धर्म :-

पारिवारिक संरचना

(क) संयुक्त (ख) एकल

वैवाहिक स्थिति

(क) विवाहित (ख) अविवाहित

२. तपाई सामुदायिक वन संरक्षणमा सहभागी हुनुहुन्छ ?

(क) छ (ख) छैन

३. तपाईको घर तथा छानाको वनावट कस्तो छ ?

(क) पराल तथा खरले छाएको

(ख) झिगरी तथा टायले छाएका

(ग) ढलान गरेको

४. तपाईको परिवारमा भोग चलन गरी आएको जग्गा जमिन कति छ ?

| क्र.सं. | जग्गाको प्रकार | जग्गा (रोपनीमा) | स्वामित्व |
|---|---|---|---|
| १ | खेत | | |
| २ | पाखो | | |
| ३ | घडेरी | | |

५. आफ्नो जग्गामा कुन कुन वाली लगाउनु हुन्छ ?

..................................................................................................

६. तपाईको जमिनबाट भएको उत्पादनले कति महिना वा वर्ष सम्म खाना पुग्छ ? नपुग भए के गर्नुहुन्छ ?

.....................................................................................................

७. सामुदायिक वन विनाशका कारण के हुन् ?

.....................................................................................................

८. पशुका लागि घास स्याउला, सोतरका स्रोतहरु के के छन् ?

(क) सामुदायिक वन (ख) खेतवारी (ग) डाले घाँस

९. पशुलाई कसरी पाल्नु भएको छ ?

(क) बाँधी राख्ने (ख) चराउने

१०. यदि चराउने चलन छ भने कहाँ चराउनु हुन्छ ?

(क) खेतबारीमा (ख) खोला खोल्सामा (ग) निजी वन (घ) अन्य

११. तपाईको नजिकमा कुन कुन वन छन् ?

(क) सरकारी (ख) सामुदायिक (ग) धार्मिक (घ) अन्य

१२. तपाईले वनबाट कस्ता वस्तु उपभोग गर्नुहुन्छ ?

.....................................................................................................

१३. तपाईले वर्षमा कति काठ प्रयोग गर्नु हुन्छ ?

(क) १-२० क्यूफिट (ख) २१-५० क्यूफिट (ग) ५० क्यूफिट माथि

१४. तपाईले प्रयोग गर्ने जंगली फलफूल र औषधी बारे बताइ दिनुहोस् र कहाँबाट ल्याउनु हुन्छ ?

.....................................................................................................

१५. सामुदायिक वनबाट उपलब्ध घाँस दाउरा काठ आदि वर्ष भरी पुग्दछ कि पुग्दैन ? नपुग भए के गर्नुहुन्छ ?

.....................................................................................................

१६. सामुदायिक वनको कार्यालय कस्तो किसिमको छ ?

.....................................................................................................

१७. सामुदायिक वनले कुनै कृषि सम्बन्धी कार्य सञ्चालन गरेको छ कि छैन ?

.....................................................................................................

१८. सामुदायिक वनले कोष सञ्चालन गरेको छ/छैन ?

..........................................................................................................

१९. तपाईको परिवारको सदस्य कोहि वन पदाधिकारी भएका छन् ?

(क) छ (ख) छैन

२०. यदि छन् भने महिला की पुरुष

(क) महिला (ख) पुरुष

२१. सामुदायिक वनको साधारण सभा कति वर्षमा हुन्छ ? तपाईलाई थाहा छ ?

(क) थाहा छ (ख) थाहा छैन

२२. तपाई वृक्षारोपण कार्यमा सहभागी हुनुभएको छ ?

(क) छ (ख) छैन

२३. तपाईको सामुदायिक वनको कार्यसमितिमा कति जना महिला सदस्यहरु छन् ?

..........................................................................................................

२४. सामुदायिक वनलाई संरक्षण गर्नमा तपाईको केहि भूमिका रहेको छ ?

..........................................................................................................

२५. सामुदायिक वनलाई तपाईले संरक्षण गर्नका लागि केहि प्रयास गर्नु भएको छ ?

..........................................................................................................

२६. पहिलेको सामुदायिक वन र अहिलेको सामुदायिक वनमा केहि अन्तर पाउनु भएको छ ?

..........................................................................................................

२७. तपाईको सामुदायिक वन विकासका लागि केहि दिर्घकालीन योजनाहरु छन् ?

..........................................................................................................

२८. तपाईको सामुदायिक वनभित्र जंगली जनावरहरुको बसोबास पनि रहेको छ ?

(क) छ (ख) छैन

२९. के सामुदायिक वनको अवधारणाले तपाईहरुको जीवनमा केहि परिवर्तन आएको छ?

..........................................................................................................

३०. सामुदायिक वनको बारेमा केहि सल्लाह सुझाव दिन चाहानु हुन्छ ?

..........................................................................................................

३१. सामुदायिक वनले वातावरणमा कस्तो भूमिका खेलेको पाउनु भयो ?

...........................................................................................

३२. भावी पुस्तालाई हस्तान्तरण गर्न कस्तो कार्यक्रम ल्याएको पाउनु भयो ?

...........................................................................................

३३. अझै यसलाई गुणात्मक सुधार ल्याउन कस्तो सुझाव दिनुहुन्छ ?

...........................................................................................

३४. सामुदायिक वनले महिलालाई नेतृत्व कसरी प्रोत्साहन गरेको छ ?

...........................................................................................

३५. सामुदायिक वनका समस्याहरु के के छन् ?

...........................................................................................

३६. महिला उत्थानका निम्ति सामुदायिक वनले कस्तो कार्यक्रम ल्याइदिओस् भन्ने चाहनुहुन्छ ?

...........................................................................................

३७. सामुदायिक वनको नीति नियम कतिको झन्झटिलो छ ?

...........................................................................................

३८. सामुदायिक वन र उपभोक्ता बिच कस्तो सम्बन्ध हुनुपर्दछ ?

...........................................................................................

३९. पुरुष नेतृत्व र महिला नेतृत्व बिच प्रशासनमा कस्तो फरक पाउनु भयो ?

...........................................................................................

४०. महिला सशक्तिकरणमा वनले कस्तो भूमिका खेलेको पाउनु भयो ?

...........................................................................................